माननीय विनोद चौधरीको

राजनीतिक तथा विकास कार्यक्रमको

प्रगति विवरण



२०८० असार

भूमिका

संसदमा मेरो उपस्थिति नयाँ होइन, तर प्रत्यक्ष निर्वाचित जनप्रतिनिधिका रुपमा मेरो जिम्मेवारी र दायित्व एउटै थिएन । पहिलो संविधानसभामा संविधान लेख्ने जिम्मेवारी बोकेर संविधानसभा प्रवेश गरेको म यतिबेला जनताबाट प्रत्यक्ष निर्वाचित सांसदका रुपमा आफ्नो जिम्मेवारीलाई झनै अहम् र फराकिलो पाएको छु ।

एकातिर आफू निर्वाचित भएको क्षेत्र नवलपरासी (ब.सु.प.) १ को समग्र विकासका लागि काम गर्नुपर्ने प्राथमिक दायित्व त छँदैछ, साथै देशको खस्कंदो अर्थतन्त्रलाई सहि ट्र्याकमा ल्याउन राष्ट्रिय एवं अन्तर्राष्ट्रिय अर्थतन्त्रसँग मेरो लामो अनुभवको उच्चतम प्रयोग र मुलुकको नीति निर्माणमा प्रभावकारी सहभागिता उत्तिकै आवश्यक रहेको शुरुदेखि नै महसुस गरेको छु।

प्रतिनिधिसभामा हामी निर्वाचित भए पछिको आर्थिक वर्ष पूरा भइसकेको छ । हामीले जनताकाबीचमा गरेका प्रतिवद्धता र हाम्रा सपनाहरु कार्यान्वयन गर्नका लागि यो पर्याप्त समय पक्कै होइन, तर हामीले कोरेका सपनालाई एउटा दिशा दिएर व्यवस्थित कार्ययोजना निर्माणमा केन्द्रित हुने समय भने पक्कै पनि हो ।

प्रतिनिधिसभा सदस्यका रुपमा संसदमा महत्वपूर्ण विधेयक वा विषयवस्तुलाई मैले सदैव प्राथमिकतामा राख्दै आएको छु। राष्ट्रिय महत्वका विषय र महत्वपूर्ण विधेयक, तिनीहरुमाथिको छलफलमा मैले आफूलाई सक्रिय सहभागी गराउँदै आएको छु । म सदस्य रहेको संसदीय समिति अर्थसमितिमा आएका विषयहरु हुन् वा कानुन निर्माणका लागि पेश भएका विधेयक अनि नीति निर्माणमा आफूलाई सक्रिय बनाउने मेरो ध्येय हो ।

मुलुकले संघीय व्यवस्था अंगालेको पनि आठ वर्ष पुग्नै लागेको छ । नयाँ संविधान जारी भएपछि तीन तहका सरकार क्रियाशील छन् । स्थानीय तह, प्रदेश तथा संघीय संसदको दोस्रो पटक निर्वाचन भइसकेको छ । तर विडम्बना, अहिले पनि संघीयताको पूर्ण कार्यान्वयन नभएको र केन्द्रले संविधानले व्यवस्था गरेको अधिकार पूर्णरुपमा विकेन्द्रीकरण नभएको गुनासो प्रदेश र स्थानीय सरकारको छ ।

म कानुन निर्माणको मुख्य थलोमा रहेको जिम्मेवार सदस्यका हैसियतले संघीयता कार्यान्वयनमा देखिएका कठिनाईको सहजीकरणका लागि प्रतिवद्ध छु। संघीयताको सवलीकरणका लागि बाँकी रहेका मुद्दाहरुको उचित व्यवस्थापनका लागि प्रतिनिधिससभा सदस्यका रुपमा मेरो भूमिका सदैव रहनेछ । त्यसका लागि काम गर्दै आएको छु ।

जननिर्वाचित सांसदका रुपमा मेरा आफ्ना प्राथमिकताहरु स्पष्ट छन् । तिनीहरुको कार्यान्वयनका लागि स्पष्ट खाका र कार्ययोजना पनि मसँग छन् । तर आमनिर्वाचनपछि लामो समय सरकार गठन/विघटनमा केन्द्रीत हुनुपर्दा हाम्रा प्राथमिकताहरु ओझेलमा परेको सत्य हो । निर्वाचनका बेला कायम रहेका सत्ता गठबन्धनमा आएको बदलावले संघीय सरकारदेखि प्रदेश सरकारसम्म असर गरेको थियो भने फेरि त्यसको केहि महिनामै राष्ट्रिय राजनीतिमा नयाँ परिदृश्यहरु देखा परे । सरकार पुनर्गठन भयो । प्रदेशमा पनि नयाँ दलहरुको सत्तारोहरण र पुरानाको बहिर्गमनको परिस्थिति सिर्जना भयो । सरकार निर्माण गर्ने थलो संसद यो आरोहअवरोहबाट सुरुवातका महत्वपूर्ण समय गुज्रिनुपऱ्यो ।

त्यतिमात्र होइन, आमनिर्वाचन सम्पन्न भएको लामो समयसम्म संसदीय समितिहरु क्रियाशील हुन नसक्नु अर्को विडम्बना भयो । मिनि संसदका रुपमा चिनिने संसदीय समिति गठनमै समय लाग्दा समितिहरुले सोचेअनुसार प्रभावकारी रुपमा काम गर्न सकेका छैनन् । यसका बाबजुत पनि संघीय संसदमा मैले आफ्नो उपस्थितिलाई अर्थपूर्ण बनाउन सकेको छु भन्ने मलाई लागेको छ ।

एकातिर संसदीय फाँटमा निर्वाह गर्नुपर्ने भूमिका छँदैछ, अर्कातर्फ आफू निर्वाचित भएको निर्वाचन क्षेत्रको विकासका लागि यो अवधि मेरा लागि उत्तिकै महत्वपूर्ण रह्यो । निर्वाचन क्षेत्रको विकासलाई मैले उच्च प्राथमिकतामा राखेको छु । मलाई विश्वास गरेर नवलपरासी पश्चिम क्षेत्र नं १ का मतदाताले दिएको अमूल्य मतलाई शिरोधार्य गर्दै आफ्नो निर्वाचन क्षेत्रको विकासका लागि योगदान गर्नु मेरो जिम्मेवारी हो भन्ने सम्झिएको छु ।

संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबीच विकास निर्माणका काममा देखिएको अन्यौलता र असमञ्जस्यतालाई चिर्दै निर्वाचन क्षेत्रको विकासलाई कसरी व्यवस्थित र प्रभावकारी बनाउन सकिन्छ भन्नेमा मैले समन्वयको भूमिका निर्वाह गर्ने कोशिस गरिरहेको छु । तीनै तहका जनप्रतिनिधिको भूमिकालाई वर्गीकरण गरेर हामीले व्यवस्थित कामको खाका निर्माण गर्न सफल भयौं ।

निर्वाचनका बेला घोषणा गरेका प्रतिवद्धताको कार्यान्वयनलाई सहज र प्रभावकारी बनाउन हामीले आयोजनाको प्राथमिकीकरण गऱ्यौं र त्यसका लागि तीन तहका सरकारको कामको वर्गीकरण पनि गऱ्यौं । सरोकारवाला सबै निकाय र जनप्रतिनिधिबीच मिलेर काम गर्ने संस्कृतिको विकास गर्न सफल भयौं । म यसलाई महत्वपूर्ण उपलब्धिका रुपमा लिन्छु ।

संघीय सांसदका रुपमा ६ महिनामा मैले गर्न चाहेको र मेरो क्षमता अनुसार योगदान दिन सकेको छैन । यसका आफ्नै दायरा र सीमाहरु छन् । तर निर्वाचन क्षेत्रको विकासका लागि मैले जनप्रतिनिधिका रुपमा आफूलाई पूर्ण रुपमा क्रियाशील बनाएको छु र बनाइरहनेछु ।

निर्वाचन क्षेत्रमा नागरिकका गुनासा र समस्या सम्बोधन गर्नेदेखि विकास निर्माणका

कामलाई प्रभावकारी र व्यवस्थित रुपमा अगाडि बढाउन निर्वाचन क्षेत्रमा प्रभावकारी रुपमा सञ्चालनमा रहने गरि सचिवालय स्थापना गरेको छु । केन्द्रमा पनि संघीय सांसदको भूमिकालाई अझ बढि प्रभावकारी बनाउन र निर्वाचन क्षेत्रको विकासका लागि संघीय सरकारसँग समन्वयकारी भूमिका निर्वाह गर्न राजनीतिक सचिवालय स्थापना गरेको छु । यी प्रयासले मेरो राजनीतिक र विकासको अभियानलाई झनै सशक्त र सुदृढ बनाउनेछ भन्ने मेरो विश्वास छ । सुरुवाती अनुभव र कार्यशैलीले सांसदका रुपमा मेरो बाँकी कार्यकाललाई अझ बढि प्रभावकारी बनाउन योगदान दिने विश्वास लिएको छु ।

मेरो एक्लैको प्रयासले यो भएको होइन । यसमा निर्वाचन क्षेत्रका प्रिय मतदाता, बुद्धिजीवी, नागरिक समाज, निजी क्षेत्र, पत्रकार र राजनीतिककर्मीहरुको ठूलो सहयोग छ । बेला बेलामा मलाई घच्घच्याएर र डोऱ्याएर उहाँहरुले सही बाटो र दिशा देखाइरहनु भएको छ । यसका लागि उहाँहरुप्रति कृतज्ञता ज्ञापन गर्दै आभार प्रकट गर्दछु । यो प्रतिवेदन तयार गर्ने काममा सहयोग गर्नुहुने सहकर्मीहरुलाई धन्यवाद ।

विनोद कुमार चौधरी
संघीय सांसद,
नवलपरासी (ब.सु.प.) निर्वाचन क्षेत्र नं. १

विषयसूची

संसदीय भूमिका १

(क) प्रतिनिधिसभा बैठकमा उठाइएका विषयहरु १

ख) प्रतिनिधिसभामा विधेयकमाथिको छलफलमा उठाइएका विषयहरु २

निर्वाचन क्षेत्रको विकास गतिविधि ४

(क) निर्वाचन क्षेत्रका १५ गौरव आयोजनाहहरु ४

१. नारायणी नदी (गण्डक नहर) व्यवस्थापन तथा सरसफाइः- ४

२. सरावलको हुलासी खोलामा मत्स्यपालन ५

३. महेन्द्र मा.वि.मा प्राविधिक शिक्षा (CTEVT) ५

४. प्रतापपुरमा एकीकृत उपनगरसहित चक्रपथ निर्माण ५

५. केरा तथा उखू खेती प्रवर्द्धन तथा विकास ६

६. विज्ञान तथा प्रविधि विषयमा मानित विश्वविद्यालय स्थापना ६

७. सिंचाईको विद्युतीकरण ६

८. पर्यटन प्रवर्द्धनका लागि बुद्ध सर्किट निर्माण ७

९. कृषि क्षेत्रको विकासका लागि कृषि केन्द्रको प्रवर्द्धन ७

१०. विपन्नलाई आवास ७

११. प्रकृतिमैत्री पर्वतीय पर्यटन विकास ८

१२. साना तथा मझौला औद्योगिक ग्राम निर्माण ८

१३. विशेष सेवासहित एकीकृत अस्पताल निर्माण ८

१४. रङ्गशाला निर्माणसहित खेलकूद विकास तथा प्रवर्द्धन ९

१५. बर्दघाट नगरपालिकामा सरसफाईसहित हरियाली प्रवर्द्धन ९

(ख) समसामयिक विकास निर्माणका काम ९

१. नारायणघाट-बुटवल सडकखण्ड १०

२. हुलाकी राजमार्ग १०

३. गण्डक नहर १०

४. केराको चिप्स १०

५. उखुको मूल्य र किसानले पाउनु पर्ने भुक्तानी ११
६. रसायनिक मल र विऊ विजन व्यवस्थापन ११
७. भूमिहीनका लागि लालपूर्जा ११
८. गुगल नक्सा सच्याइनु १२
९. अम्बास-संसारकोट सडक १२
१०. खजुरा खोला पुल निर्माण १२
(ग) चौधरी फाउण्डेसन मार्फत् सञ्चालित कार्यक्रमहरु १२
१. महिला सीप विकास १२
२. बर्थिङ्ग सेन्टर लगायत स्वास्थ्य सेवा १३
३. चिसापानी अस्पताल १३
४. सवल कार्यक्रम १३
५. प्राविधिक तथा पोलिटेक्निक शिक्षा १४
६. युवा क्लबहरुलाई खेलकूद सामग्री वितरण १४
७. ज्येष्ठ नागरिकहरुको शास्वतधाम भ्रमण १४
८. अन्य सामाजिक कामहरु १४
लुम्बिनी प्रदेश मुख्यमन्त्रीलाई योजना दस्तावेज हस्तान्तरण १६
निर्वाचन क्षेत्र भ्रमण तथा संलग्नता १७
(क) निर्वाचन क्षेत्रको भ्रमण र मतदातासँग अन्तरक्रिया १७
(ख) सरकारी निकायका प्रमुख तथा पदाधिकारीहरुसँग छलफल र विकास निर्माण कार्यको समीक्षा २०
सामाजिक गतिविधि : सहयोग एवं सहजीकरण २२
(क) सिफारिस तथा सहयोग २२
१. एम्बुलेन्स २२
२. स्कुल बस २२
३. छात्रवृत्ति सिफारिस: २३
(ख) शुभकामना: २३
(ग) श्रद्धान्जली: २३
(घ) वैदेशिक रोजगारी सहजिकरण २४
नेपाली कांग्रेस पार्टीसम्बन्धी गतिविधि २५
(क) नेपाली कांग्रेस पार्टीको बैठकहरुमा सहभागिता २५
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चमा सहभागिता २६

सञ्चार माध्यममा सहभागिता २७

सर्वसाधारणको समस्या तथा गुनासो निराकरणका प्रयास २८

(क) निजी सचिवालयका गतिविधि २८

१ केन्द्रमा रहेको सचिवालय २८

२ बेलायती सांसदसँग अन्तर्क्रिया २८

३ जिमिरेभारमा रहेको सम्पर्क कार्यालय २९

(ख) माननीयको सेवा सुविधाको उपयोग २९

तलव, भत्ता तथा सदन बैठक भत्ता २९

अनुसूचीहरु ३०

क) सार्वजनिक धारणाहरु ३१

अनुसूची १ : आर्थिक वर्ष २०८०/८१ को पूर्वबजेट छलफलमा सांसद विनोद चौधरीले संघीय संसदमा राखेको धारणा ३१

अनुसूची २ : नेपाल विजनेश समिट- २०२३ मा 'कि नोट स्पिकर'का रुपमा दिएको मन्तव्य ३७

अनुसूची ३ : माननीय विनोद चौधरीले आर्थिक विधेयकमाथिको छलफलमा भाग लिँदै व्यक्त गरेको विचार ४२

अनुसूची ४ : नेपाली कांग्रेस केन्द्रीय कार्यसमिति बैठकमा व्यक्त धारणा ४९

ख) आ.व.२०८०/०८१ का लागि निर्वाचन क्षेत्रका लागि छुट्याइएको बजेट तथा कर्यक्रमको विवरण ५१

अनुसूची १ : आ.व.२०८०/०८१ संघीय बजेट नवलपरासी (ब.सु.प) निर्वाचन क्षेत्र १ का लागि समावेश भएका पूँजीगत बजेटको विवरण ५१

अनुसूची २ : आ.व. २०८०/०८१ लुम्बिनी प्रदेश सरकारको बजेट - नवलपरासी (ब.सु.प.) निर्वाचन क्षेत्र १ का लागि समावेश भएका पूँजीगत बजेटको विवरण: ६१

मा. विनोद चौधरीको राजनीतिक र सामाजिक गतिविधी ७७

संसदीय भूमिका

प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएपछि माननीय विनोद चौधरीले संसदमा अर्थपूर्ण सहभागीता जनाउँदै आउनुभएको छ। बैठकमा महत्वपूर्ण विषय र विधेयकमाथिका छलफलमा उहाँको सहभागिता अर्थपूर्ण रहने गरेको छ । शून्य समयमा निर्वाचन क्षेत्रका समस्या र विकास निर्माणका विषय हुन् वा महत्वपूर्ण विधेयकमाथिको छलफल, माननीयज्यूको महत्वपूर्ण सहभागीता रहँदै आएको छ ।

(क) प्रतिनिधिसभा बैठकमा उठाइएका विषयहरु

मिति २०८०/१/५

प्रधानमन्त्रीको भारत भ्रमणका क्रममा गण्डक र सुस्तालाई महत्वपूर्ण एजेण्डा बनाइ यहाँका विद्यमान समस्याको अन्त्य हुनुपर्ने विषयलाई माननीय विनोद चौधरीले प्रतिनिधिसभाको शून्य समयमा सरकारको ध्यानाकर्षण गराउनुभएको थियो । उहाँले भन्नुभएको थियो, '५० वर्षदेखि बर्दघाट सुस्ता पश्चिमको निरन्तरको पीडा, आक्रोश, उपेक्षा र चरम गरिबीको विषय म यहाँ उठाउँदैछु । हरेक वर्ष सुस्ता र गण्डकका हजारौं परिवार र हजारौं परिवारका खेत डुवानमा पर्छन् । अर्वौंको क्षति हुन्छ । भारत र नेपालकाबीचमा पचास वर्ष पुराना संरचना पुनर्निर्माणका लागि कुनै द्विविधा छैन । पटकपटक सहमति सम्झौता भएका छन् । प्रधानमन्त्रीको आसन्न भ्रमणमा यो विषय अत्यन्तै महत्वपूर्ण एजेण्डाका रुपमा प्रवेश गरोस् । ५० वर्षदेखि थुप्रिएका गण्डक र कोशीका समस्याको समाधानका लागि प्रष्ट खाका बाहिर आओस् ।'

साथै उहाँले १५ मेगावाटको सूर्यपुरा पावरप्लान्ट तीन मेगावाटमा मात्रै सञ्चालनमा आएको भन्दै उक्त आयोजनालाई पूर्ण क्षमतामा सञ्चालनका लागि पनि सरकारको ध्यानाकर्षण गराउनुभयो । 'यो पावरप्लान्ट पनि पूर्ण क्षमतामा सञ्चालन ल्याउन सरकारको ध्यानाकर्षण गराउँछु,' उहाँले भन्नुभयो । यी दुबै क्षेत्रमा उल्लेख्यरुपमा कामहरु भइरहेका छन् ।

ख) प्रतिनिधिसभामा विधेयकमाथिको छलफलमा उठाइएका विषयहरु

१. २०८० साल बैशाख २६ गते विनियोजन विधेयक, २०८० का सिद्धांत र प्राथमिकतामाथिको छलफलका क्रममा संघीय संसदमा माननीय विनोद चौधरीले आफ्नो धारणा राख्नुभएको थियो ।

उहाँले आर्थिक विकासको गतिलाई तीव्रता दिने नीतिका साथ बजेट ल्याउनुपर्ने सुझाव सरकारलाई दिनुभएको थियो । त्यसका लागि सरकारले बजेटको संरचनागत परिवर्तनका लागि कठोर निर्णय लिने जोखिम उठाउन तयार हुनुपर्नेमा उहाँको जोड थियो । उहाँले बजेटका सिद्धान्त र प्राथमिकतामाथिको छलफलमा सहभागी हुँदै भन्नुभयो, 'हाम्रो बजेटको संरचनागत परिवर्तनका लागि कठोर निर्णय नलिएसम्म आर्थिक विकासको गतिलाई तीव्र बनाउन गाह्रो देखिन्छ । यस वर्षको बजेटमा पूँजीगत खर्चका लागि २१ प्रतिशतमात्रै रकम विनियोजन गरिएको छ । यो रकममध्ये पनि ३५ प्रतिशतमात्रै खर्च हुने हाम्रो परम्परा भइसकेको छ । अर्थात् कुल बजेटको विकासमा ६ प्रतिशतमात्रै लगानी हुने अवस्था देखिन्छ । सरकारको चालू खर्च भनेको कम्पनीको 'ओभरहेड' खर्च भनेजस्तै हो । कुनै कम्पनी नाफामा चलाउन त्यसको कारोबार ओभरहेड खर्चको कम्तीमा पनि तीन गुणा हुनुपर्छ । अहिलेको सरकारको बजेटजस्तो कम्पनीको कूल कारोबारको पाँच गुणा बढी ओभरहेड खर्च भयो भने त त्यो कम्पनी टाट पल्टन्छ । बजेट विनियोजनमा पूँजीगत खर्च र चालू खर्चको अनुपात ६०:४० प्रतिशत बनाउनेतर्फ बजेटले ठोस प्रयासको प्रारम्भ यसै बजेटमार्फत गर्नुपर्छ ।'

२. प्रतिनिधिसभामा २०८०/८१ को बजेटमाथि माननीय विनोद चौधरीले आफ्नो धारणा राख्नुभयो । बजेटका बारेमा उहाँको स्पष्ट मान्यता छ, 'राजनीति, अर्थनीति र कुटनीतिको पहिलो लक्ष्य आर्थिक विकास नै हुनुपर्छ ।' मिति २०८० साल जेठ २५ गते माननीय विनोद चौधरीले संसदमा सरकारले पेश गरेको बजेटमाथि अत्यन्तै महत्वपूर्ण सुझावसहित आफ्नो धारणा राख्नुभएको थियो ।

उहाँले बजेटमाथि धारणा राख्नेक्रममा भन्नुभयो, 'आर्थिक विकास र नागरिकको जीवनस्तर परिवर्तनसँग जोडिन नसकेको राजनीति जनताबाट टाढा बन्दै जानेछ । त्यसैले राजनीतिको केन्द्रभागमा आर्थिक विकास र आम नागरिकको जीवनसँग जोडिएका एजेण्डाहरू रहनु पर्दछ । बजेटले आम नेपाली नागरिकलाई यो सन्देश दिने र सोही अनुसार विकास बजेटको दिशा तय हुनुपर्थ्यो । मैले भन्दै आएको छु, बजेटको संरचनागत परिवर्तन हुनुपर्छ । विकास बजेटको अंश सबैभन्दा धेरै हुनुपर्छ र चालू खर्च निर्ममरुपमा कटौती गरिनुपर्छ ।'

आर्थिक विकास र नागरिकको जीवनस्तर परिवर्तनसँग जोडिन नसकेको राजनीति

जनताबाट टाढा बन्दै जानेछ । त्यसैले राजनीतिको केन्द्रभागमा आर्थिक विकास र आम नागरिकको जीवनसँग जोडिएका एजेण्डाहरू रहनु पर्दछ । बजेटले आम नेपाली नागरिकलाई यो सन्देश दिने र सोही अनुसार विकास बजेटको दिशा तय हुनुपर्थ्यो । मैले भन्दै आएको छु, 'बजेटको संरचनागत परिवर्तन हुनुपर्छ । विकास बजेटको अंश सबैभन्दा धेरै हुनुपर्छ र चालू खर्च निर्ममरुपमा कटौती गरिनुपर्छ ।'

निर्वाचन क्षेत्रको विकास गतिविधि

(क) निर्वाचन क्षेत्रका १५ गौरव आयोजनाहहरु

१. नारायणी नदी (गण्डक नहर) व्यवस्थापन तथा सरसफाइः-

नारायणी नदीमा बर्षेनी बर्षायाममा बाढी आएर सुस्ता लगायत त्यस क्षेत्रको ठूलो भाग डुवानमा पर्ने गरेको छ । फलतः करिब ४,००० परिवार बाढीको जोखिममा पर्ने र कतिपय अवस्थामा धनजनको ठूलो क्षति हुने गरेको छ । यस प्रकारको विपद्लाई न्यूनीकरण गर्न नारायणी नदीको बाढीलाई रोकथाम गर्नुपर्ने र गण्डक नहरको उचित व्यवस्थापन गर्नु पर्ने आवश्यकता धेरै अघिदेखि देखिंदै आएको हो । तर यस क्षेत्र र विषयमा खास काम हुन नसक्दा बर्षेनी बाढीबाट त्यस भेगका धेरै जनता प्रभावित हुने, बालीनाली र अन्य भौतिक सम्पत्तिको नोक्सानी हुने, मानवीय क्षतिपनि भइरहने भई उद्धार तथा राहतका लागि निकै ठूलो खर्च भइरहेको अवस्था छ ।

यस बर्ष विशेष पहल गरेर नारायणी नदीमा आउन सक्ने बाढी नियन्त्रण गर्ने प्रयास गरिएको छ भने गण्डक नहरमा भरिएर रहेको बालुवा सफा गरी नहरलाई दुरुस्त राख्ने प्रयास पनि भएको छ । यस सन्दर्भमा भएका खास कामहरु निम्न अनुसार रहेका छन् ।

(क) गण्डक नहर सरसफाई

(ख) नारायणी नदीमा तटबन्ध र ठोक्करहरुको मर्मत सम्भार

(ग) धनेवा र झरही खोलाको व्यवस्थापन

(घ) सिंचाइ डिभिजन कार्यालयले तहबन्ध निर्माण तथा मर्मत कार्य

(ङ) पालिकाहरुले सम्बन्धित स्थानहरुमा सरसफाई र तटबन्ध निर्माण

गण्डक नहर व्यवस्थपन कार्यालयले करिब रु. ३९ करोडको लागतमा नहर व्यवस्थापन र सरसफाइको आयोजना संचालन गरिरहेको छ । यसैगरी डिभिजन सिंचाइ कार्यालयले विभिन्न नदिहरुमा टतबन्ध निर्माण तथा मर्मतको काम गरिरहेको छ । पालिकाहरुले आफ्नो गच्छे अनुसार बजेट छुट्याएर डुवान समस्या न्यूनीकरण गर्ने र जनतालाई राहत प्रदान गर्ने

कार्यक्रम गरिहेका छन् । भारत सरकारले करिब रु. ८० करोडको बजेटमा नारायणी नदिमा रहेको ड्याम वरिपरी बाढी नियन्त्रण गर्ने र नदि व्यवस्थापन गर्ने काम गरिरहेको छ ।

यी कामहरुबाट बाढीको सम्भावनालाई निकै न्यूनीकरण गर्ने अपेक्षा गरिएको छ भने स्थानीय जनताहरुलाई बाढीको जोखिम तथा डरबाट निकै हदसम्म मुक्त हुने वातावरण बन्ने विश्वास लिइएको छ ।

२. सरावलको हुलासी खोलामा मत्स्यपालन

नवलपरासी-१ का अधिकांश भूमि मत्स्यपालनका लागि उपयुक्त हुने विज्ञहरुको राय छ । मत्स्यपालनबाट किसानहरुले पनि मनग्गे आम्दानी गर्ने सम्भावना रहन्छ । तसर्थ यस क्षेत्रभित्र पोखरीहरु तयार गरी माछाका भूरा उत्पादन गर्ने, माछापालकलाई प्राविधि सहयोग गर्ने, बजारीकरण र प्रचारप्रसारमा काम गर्ने गरी प्राथमिकता निर्धारण गरिएको छ । सरावल गाउँपालिकाको हुलासी खोलालाई व्यवस्थित गरि व्यावसायिक मत्स्यपालन व्यवसायलाई प्रश्रय दिने यस कर्यक्रमको मुख्य ध्येय हो ।

यसका लागि गाउँपालिकाले डिपिआर तयार पारिसकेको छ भने बजेटका लागि लुम्बिनी प्रदेश सरकारको सम्बन्धित मन्त्रालयसँग अनुरोध गरिसकिएको छ । डिपिआर अनुसार गाउँपालिकाको पचास प्रतिशत र लुम्बिनी सरकारको पचास प्रतिशत बजेट योगदानबाट यो कार्यक्रम सञ्चालन हुने र सो का लागि गाउँपालिकाले यसै आ.व.मा केहि बजेट विनियोजन गरिसकेको छ । यसका लागि सबै तिरबाट प्रयास भइरहेको छ ।

३. महेन्द्र मा.वि.मा प्राविधिक शिक्षा (CTEVT)

सरावल गाउँपालिकामा रहेको महेन्द्र मा.वि. मा मेकानिकल र इलेक्ट्रिकलका व्यावसायिक तथा प्राविधिक कोर्स सञ्चालन गरि त्यस भेगमा रहेको सीपयुक्त प्राविधिक जनशक्तिको अभाव हटाउने रहेको छ । यसका लागि सो विद्यालयका तर्फबाट सिटिइभिटीमा आवेदन गरिसकेको छ भने सिटिइभिटीले पनि सो निवेदनलाई स्वीकृतिको प्रक्रियामा राखिसकेको छ । सिटिइभिटीको नियमानुसार विद्यालयले खातामा देखाउनु पर्ने आवश्यक व्यालेन्स सहितको बैंक स्टेटमेन्ट तयार गरि पेश भएपछि स्वीकृतिको प्रक्रिया पूरा हुने र यस विद्यालयमा प्राविधिक शिक्षा प्रारम्भ हुनेछ । यसका लागि सरावल गाउँपालिकाले सहयोग गर्ने र विद्यालयले आफ्नै व्यवस्थापनमा यी कोर्सहरु सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ ।

४. प्रतापपुरमा एकीकृत उपनगरसहित चक्रपथ निर्माण

प्रतापपुरका सबै वडालाई समेटेर जोड्नेगरी चक्रपथ निर्माणको योजना मुख्य प्राथमिकतामा रहेको छ । प्रस्तावित चक्रपथभित्र सहरी पूर्वाधार, बस विसौनी, पार्क आदिको निर्माण पनि

हुनेछ । करिब ३१ कि.मि.को यो चक्रपथले त्यस भेगका सबै जसो व्यावसायिक गतिविधिहरु जोड्नेछ भने उपनगर सहित विभिन्न जोनिङ्गहरु छुट्याइनेछ । यस आयोजनाको डिपिआर तयार भई निर्माण कार्य प्रारम्भ भइसकेकोछ । यस चक्रपथ निर्माण पछि त्यस क्षेत्रको आर्थिक तथा सामाजिक क्षेत्रमा समृद्धि हासिल हुने अपेक्षा गरिएको छ । यो चक्रपथका लागि स्रोत सुनिश्चित गर्न लुम्बिनी प्रदेश सरकारको भौतिक पूर्वाधार मन्त्रालयलाई पनि अनुरोध गरिएको छ र गाउँपालिकाले यसै आ.व.मा केहि बजेट विनियोजन गरिसकेको छ ।

५. केरा तथा उखू खेती प्रवर्द्धन तथा विकास

नवलपरासी जिल्लामै कृषितर्फ मुख्य सम्भावनाको रुपमा केराखेती रहेको छ। केराखेतीलाई प्रवर्द्धन गर्ने कार्यक्रमलाई गौरवकै योजनाको रुपमा अगाडि बढाइएको छ । यस क्षेत्रलाई केरा जोनका रुपमा अगाडि बढाउन प्रदेश सरकारलाई अनुरोध गरिएको छ । केरा खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत उन्नत जातको विउ विजन उत्पादन वितरण, किसानलाई प्राविधिक परामर्श सेवा, वितरण प्रणालीमा सुधार, बजारको सुनिश्चितता तथा केराजन्य उद्योगको स्थापनामा जोड दिइनेछ । यसका लागि प्रदेश सरकारले उन्नत जातको विउ विजन वितरण कार्यक्रमसमेत राखेको छ ।

६. विज्ञान तथा प्रविधि विषयमा मानित विश्वविद्यालय स्थापना

यस क्षेत्रमा विज्ञान तथा प्रविधि विषयको गुणस्तरीय उच्च शिक्षाको अभाव देखिएको छ । राजगमार्ग र सडकहरुको सुविधा भएको, तराई र पहाड भूभाग रहेको सीमावर्ती जिल्ला भएको र देशको करिब मध्ये भागमा पर्ने क्षेत्र भएकोले यहाँ प्रविधिसँग सम्बन्धित उच्च शिक्षा राम्ररी सञ्चालन हुने देखिन्छ । यसैले लुम्बिनी प्रदेश सरकारसँग अनुमति लिएर यस क्षेत्रमा मानित (डिम) विश्वविद्यालय स्थापना गर्ने लक्ष्यका साथ काम भइरहेको छ ।

देशमै अन्तर्राष्ट्रियस्तरको प्रविधि विश्वविद्यालय स्थापना गरेर र अन्तर्राष्ट्रियस्तरका ख्यातिप्राप्त विश्वविद्यालयहरुसँग सहकार्य एवं साझेदारी गरेर देशभित्र नै उच्च गुणस्तरीय शिक्षाको विश्वविद्यालय स्थापना गरी विदेशमा युवा पलायन हुने अवस्थालाई अन्त गर्ने ध्येय लिइएको छ । यस सन्दर्भमा जग्गाको आवश्यक प्रवन्ध गरि लुम्बिनी प्रदेश सरकारसँग समन्वय गरि आवश्यक अनुमति प्राप्त गर्न पहल भइरहेको छ ।

७. सिंचाईको विद्युतीकरण

त्यस क्षेत्रका सबै पालिका र वडामा भूमिगत सिचाईको व्यवस्था गर्न यो आयोजनालाई अगाडि सारिएको हो । विजुलीबाट सिचाईको व्यवस्था गर्न नेपाल विद्युत प्राधिकरणसँग समन्वयको काम गरिएको छ । केही स्थानमा विद्युतीकरणको प्रबन्ध भइसकेको छ भने

आ.व. २०८१/०८२ का लागि प्रतापपुर, बर्दघाट र सरावलका क्षेत्रहरुमा कृषि सिंचाईको विद्युतीकरणमा संघ र प्रदेश सरकारले करिब ५ करोड ७० लाख बराबरको कार्यक्रम राखेको छ ।

८. पर्यटन प्रवर्द्धनका लागि बुद्ध सर्किट निर्माण

भगवान गौतमबुद्धको जन्मप्रदेशका रुपमा रहेको लुम्बिनी प्रदेशको मुख्य प्रवेशद्वारका रुपमा रहेको नवलपरासी (ब.सु.प.) क्षेत्र नं. १ मा बुद्ध सर्किट निर्माण महत्वपूर्ण गौरवको आयोजनाको रुपमा रहेको छ । बौद्ध धर्मावलम्वी लगायत अन्य आन्तरिक र बाह्य पर्यटकहरुको आकर्षणको केन्द्र बनाउन बुद्ध सर्किट सफल हुने विश्वास लिइएको छ । विमलटार, ककरपतनगर, सारयुगा नहर आदिलाई बुद्धका स्मृति स्थलहरुमा जोड्ने गरी पैदल मार्ग निर्माण गरिनेछ ।

बुद्ध जन्मस्थल लुम्बिनीसँग जोडिने यो सर्किट बनेपछि एकातिर लुम्बिनी क्षेत्रको विस्तार हुनसक्नेछ भने नवलपरासीमा धार्मिक पर्यटनको प्रवर्द्धन हुनेछ । सुस्ता गाउँपालिकामा रहेको यो क्षेत्रमा पूर्वाधार विकासका लागि सो गाउँपालिकाले केही बजेट छुट्याउने गरेको छ ।

९. कृषि क्षेत्रको विकासका लागि कृषि केन्द्रको प्रवर्द्धन

कृषि व्यवसायको प्रवर्द्धन र विकास गर्ने ध्येयले कृषिसम्बन्धि सबै प्रकारका सेवाहरु एकै क्षेत्रभित्र उपलब्ध होस् भन्ने हेतुले यस कार्यक्रमलाई प्राथमिकता दिइएको छ । निर्वाचन क्षेत्रभित्रका किसानहरुको हितलाई ध्यानमा राखी एकीकृत रुपमा मल विउ जस्ता कृषि सामग्री एकै ठाउँबाट उपलब्ध गराउने लक्ष्य यस कार्यक्रमको रहेको छ । यसका साथै कृषकहरुलाई आवश्यक पर्ने प्राविधिक सेवा र उपकरणहरु सहज रुपमा उपलब्ध गराउने प्रयास पनि यस आयोजनाले गर्नेछ । साथै, कृषकहरुको उत्पादनका लागि बजारको पहूँच, मूल्य सुनिश्चिता तथा भण्डारनको व्यवस्थाको लागि पनि सहजिकरण गरिनेछ ।

१०. विपन्नलाई आवास

सुस्ता तथा प्रतापपुर गाउँपालिकाहरुमा रहेका विपन्न नागरिकलाई लक्षित गरेर विपन्नलाई आवास कार्यक्रम सञ्चालनमा रहेको छ । सुरक्षित आवास र जनता आवास गरि दुई प्रकारले सहयोग गरिँदै आएको आवास कार्यक्रम अनुसार सरकारले विपन्नहरुलाई सहयोग गर्दै आएको छ । सुरक्षित आवासका लागि घरको छानामा जस्ता पता लगाउँन प्रति परिवार रु. ७५ हजार सहयोग गरिएको छ भने जनता आवास अन्तर्गत आवास निर्माण गर्न प्रति परिवार रु. ३.५० लाख छुट्याउने गरेको छ ।

आ.व. २०८०/०८१ मा संघीय सरकारले सुस्ता गाउँपालिकाका लागि जनता आवास अन्तर्गत १७४ घर निर्माण सम्पन्न गर्ने कार्यक्रम राखेको छ भने सुरक्षित आवास कार्यक्रम

अन्तर्गत प्रतापपुर गाउँपालिकाका लागि ३३८ परिवारलाई सहयोग गर्ने लक्ष्य लिएको छ ।

११. प्रकृतिमैत्री पर्वतीय पर्यटन विकास

बर्दघाट नगरपालिकाको पहाडी क्षेत्र पर्यटकीय दृष्टिले उच्च सम्भावनायुक्त रहेको छ । यसैले आमवास-सुखौरा-संसारकोट, स्थानहरुलाई समेटेर "प्रकृतिमैत्री पर्वतीय पर्यटन विकास" आयोजना तयार पारिएको छ । यस आयोजनाले त्यस क्षेत्रका प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरुलाई समेटेर सडक जस्ता पूर्वाधार विकास, सम्पदाहरुको संरक्षण, आतिथ्य उद्योगहरुको विकास तथा प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ ।

साथै, बाउन्न घोला-सिमसार, शहिदपार्क-पोखरीछाप-विहारी डाँडाको इनारचुली, गुफा-दाउन्ने मन्दिर-तिलेकैनी) क्षेत्रहरुमा पर्यटन पदमार्ग निर्माण, हिल स्टेशन, साहासिक पर्यटनको पनि प्रवर्द्धन गर्ने ध्येय राखिएको छ । यसका लागि बर्दघाट नगरपालिकाले बजेट विनियोजन गरि विभिन्न कार्यक्रमहरु राखेको छ । संघीय कार्यक्रमको रुपमा आम्वस-संसारकोट सडकका लागि रु. ५ करोड छुट्याइएको छ ।

१२. साना तथा मझौला औद्योगिक ग्राम निर्माण

बर्दघाट नगरपालिकाको खजुरा खोला किनारमा साना तथा मझौता उद्योगग्राम निर्माण कार्य अगाडि बढेको छ । करिब रु १७ करोडको लागतमा निर्माण हुन लागेको यस ग्रामका लागि प्रारम्भमा करिब रु. ४ करोडको पूर्वाधार निर्माण गर्न निर्माण कम्पनीको छनोट भइसकेको छ । आगामी बर्षमा बाँकी काम सम्पन्न गरेर यो ग्राम सञ्चालनमा ल्याउने हिसावले कार्यक्रम अगाडि बढाइएको छ । उद्योग मन्त्रालयले नमूना उद्योग ग्रामको रुपमा निर्माण गर्ने भए पनि यस ग्रामको सञ्चालन तथा व्यवस्थापन बर्दघाट नगरपालिकाले गर्नेछ ।

१३. विशेष सेवासहित एकीकृत अस्पताल निर्माण

सुलभ स्वास्थ्य सेवाका लागि निर्वाचन क्षेत्रभित्रै सुविधासम्पन्न अस्पताल निर्माणको अभियानलाई मूर्त रुप दिने प्रयास गरिएको छ । बर्दघाट नगरपालिकामा रहेको चिसापानी अस्पतालमा ट्रमा सेन्टर सहित ५० शैयाको अस्पताल निर्माण गर्ने काम प्रारम्भ गरिएको छ । राष्ट्रिय आवास कम्पनीको जमीन लिजमा लिएर स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सहयोगमा यहाँ अस्पताल बन्ने छ र यस अस्पतालको व्यबस्थापन बर्दघाट नगरपालिकाले गर्नेछ ।

चौधरी फाउण्डेसनबाट यस अस्पताललाई आवश्यक पर्ने स्वास्थ्य उपकरण, चिकित्सा सेवा, अस्पताल व्यवस्थापनका प्राविधिक पक्ष जस्ता क्षेत्रमा सहयोग गरिँदै आएको छ । काठमाडौँ स्थित नर्भिक अस्पतालका विशेषज्ञहरुबाट व्यवस्थापकीय, चिकित्सा तथा प्राविधिक

सहयोग प्राप्त हुने व्यवस्था गरिएको छ ।

यसै गरि चौपत्तामा रहेको सामुदायिक अस्पताललाई स्वास्थ्य मन्त्रालयले सरकारी अस्पतालको रुपमा ग्रहण गरि सो अस्पतालको सेवा विस्तार तथा गुणस्तर सुनिश्चित गरोस् भनेर पत्राचार एवं पहल रहेको छ ।

१४. रङ्गशाला निर्माणसहित खेलकूद विकास तथा प्रवर्द्धन

यस क्षेत्रका युवाहरुको प्रतिभा र व्यक्तित्व विकास गर्न खेलकूद विकास तथा प्रवर्द्धनको कार्यक्रम सञ्चालन गरिएको छ । यस कार्यक्रमले बहुउद्देश्यीय खेलकूद रंगशाला निर्माण गर्ने लक्ष्य लिएको छ भने खेलाडीहरुको क्षमता विकास, प्रशिक्षण र प्रतिभा विकास गर्ने कृयाकलापहरु पनि राखिएका छन् । विभिन्न खेलकूद प्रतियोगिता आयोजना गरी खेलकूदका क्षेत्रमा प्रतिस्पर्धात्मक क्षमता विकास गर्ने ध्येय पनि राखिएको छ ।

चौधरी फउण्डेशनबाट विभिन्न विद्यालय तथा क्लवहरुलाई खेलकूदमा सामग्रीहरु वितरण गर्ने, खेलकूद मैदानको मर्मत सम्भार गर्ने, खेलकूद प्रतियोगिताहरु सञ्चालन गर्ने जस्ता क्रियाकलापहरुमा पनि सहयोग गरिएका छन् । खेलकूद मैदान निर्माण सम्बन्धमा संघिय कार्यक्रम अन्तरगत बर्दघाट न.पा. ४ मा खेलकुद पूर्वधार निर्माणका लागि रु १५ लाख, बर्दघाट न.पा. १४, बुधबस्तीमा क्रिकेट खेलमैदान निर्माणका लागि रु. १० लाख र प्रतापपुरको सेमरीमा कभर्डहल निर्माणका लागि रु ३० लाख बजेट विनियोजन गरिएको छ ।

१५. बर्दघाट नगरपालिकामा सरसफाईसहित हरियाली प्रवर्द्धन

बर्दघाट नगरपालिकाका क्षेत्रहरु, प्रस्तावित चक्रपथ एवं अन्य पालिकाहरुमा हरियाली प्रबर्द्धन गर्न यस आयोजना अन्तर्गत काम हुनेछ । बर्दघाट नगरपालिकामा ल्याण्डफिल्ड साइटका लागि जग्गा पहिचान गरी निर्माण कार्य तत्काल अगाडि बढाउने तथा सार्वजनिक वनजंगल संरक्षण अभियान सञ्चालन गरिने छन् । राजमार्ग तथा मुख्य सडक वरिपरि बृक्षारोपण गर्ने, सरसफाईलाई प्राथमिकतामा राख्ने र नगरवासीलाई स्वच्छ तथा स्वस्थ वातावरण प्रवर्द्धन गर्न यो आयोजना केन्द्रित रहेको छ। बर्दघाट नगरपालिकाले चालु आ.व.मा ल्याण्डफिल्ड साइट निर्माणका लागि रु २ करोड १५ लाख रकम विनियोजन गरेको छ। साथै सरसफईका लागि प्रत्येक वडामा रकम विनियोजन गरेको छ ।

(ख) समसामयिक विकास निर्माणका काम

गौरवका आयोजनाका अतिरिक्त यस क्षेत्रमा जनस्तरबाट माग भएका र प्रारम्भ भएका आयोजनाहरुलाई सकेसम्म चाँडो सम्पन्न गर्न सम्बन्धित मन्त्रालय तथा निकायहरुमा अनुरोध गर्ने, सहजीकरण गर्ने र बजेट सुनिश्चित गर्ने पहलहरु गरिएका छन् । यस्ता आयोजनाहरु

सयौँको संख्यामा रहेकोले ती सबैलाई सूचीबद्ध गर्न कठिनाइ हुने भएकोले केही आयोजनाहरु मात्र उल्लेख गरिएको छ । विस्तृत विवरणका लागि संघीय, प्रदेश र पालिकाहरुको बार्षिक बजेट तथा कार्यक्रमलाई अध्ययन गर्नु पर्ने हुन्छ ।

१. नारायणघाट-बुटवल सडकखण्ड

माननीय विनोद चौधरीले बढी चासोकोरुपमा लिएको नारायणघाट-बुटवल सडकखण्डको निर्माण कार्यले अहिले आएर तीब्रता पाएको छ । ५४ महिनाको दौरानमा १७ प्रतिशत मात्रै काम सम्पन्न भएको पूर्वपश्चिम राजमार्ग अन्तर्गत यो सडकखण्डमा गत मंसिर महिना पछि कामले तीब्रता पाई अहिले करिव ४० प्रतिशत प्रगति भएको छ । साथै, प्रत्येक महिना तीन प्रतिशतको दरले काममा प्रगति भइरहेको देखिन्छ । करिब आठ महिनाभित्र नवलपरासीखण्डको सडक निर्माण सम्पन्न हुने ब्यहोरा ठेकेदार कम्पनीले माननीय विनोद चौधरी लगायत सम्बन्धित निकायका पदाधिकारीहरुको उपस्थितिमा प्रतिवद्धता जनाएको छ ।

२. हुलाकी राजमार्ग

तराई मधेशको समृद्धिका लागि लाइफलाइन मानिने हुलाकी राजमार्गको काम पनि तीव्र रुपमा अगाडि बढेको छ । प्रतिशतको रुपमा उल्लेख गर्न नसकिएपनि यस राजमार्गमा कामको तीव्रता विगतमा भन्दा निकै बढी रहेको कुरा प्रत्यक्ष महशुस गर्न सकिन्छ ।

३. गण्डक नहर

हरेक वर्ष मनसुन आउने वित्तिकै स्थानीय त्रासदीमा बाँच्ने अवस्था रहेको गण्डक नहर वरिपरी बाढी तथा डुवान नियन्त्रणको क्षेत्रमा पनि उल्लेखनीय काम भइरहेको छ । अहिले बीसौं वर्षसम्म विग्रेर रहेका बाँध तथा ठोकरहरुको मर्मत सम्भारको काम करिब रु. ८० करोडको लागतमा तीब्रताका साथ अगाडि बढेको छ । सरोकारवालाहरुले पनि भन्न थालेका छन्, अब बाढीको चिन्ता गर्नुपर्दैन । बाढी, डुवान र कटानको समस्या उल्लेखनीय रुपमा नियन्त्रण हुने सम्भावना बढिरहेको छ । साथै, गण्डक नहरको समस्या स्थायीरुपमा समाधानका लागि दीर्घकालीन गुरु योजना (मास्टरप्लान) तर्जुमा भइरहेको छ । नेपाल सरकारको करिब ३९ करोडको बजेटमा नेपाली नहरको मर्मत, बलुवा थिगार्ने पोखरी लगायतका निर्माण कार्य भइरहेको छ ।

४. केराको चिप्स

निर्वाचन क्षेत्रलाई केराखेती विशेष क्षेत्रका रुपमा विकास गर्ने योजना अनुसार सुस्ता गाउँपालिकामा केराको चिप्स उद्योग सञ्चालन गर्न आवश्यक प्रक्रिया अगाडि बढिसकेको छ भने उद्योग डिजाईन कार्य अगाडि बढिसकेको छ । केही समयभित्र नै यहाँ केराको चिप्स

उत्पादन गर्ने उद्योग स्थापना भई स्थानीय रोजगारी अवसर बढ्ने छ भने केर खेती गर्ने किसानहरुले आफ्नो मेहनतको राम्रो प्रतिफल पाउन थाल्नेछन् ।

५. उखुको मूल्य र किसानले पाउनु पर्ने भुक्तानी

उखु किसानले सहज भुक्तानी नपाउने वर्षौंदेखिको समस्या समाधान गर्न पहलहरु प्रारम्भ भइसकेका छन् । उखुको न्यूनतम मूल्य तोक्न र किसानले पाउनु पर्ने बाँकी भुक्तानी दिलाउन पहल गर्ने दिशामा थुप्रै प्रयासहरु भएका छन् । न्यूनतम मूल्य तोक्न सरकारको सम्बन्धित निकायमा पहल गरिएको छ । साथै, भुक्तानी दिन बाँकी रहेका चिनी उद्योगीहरुसँग समन्वय र पहल गरेकोले भुक्तानी सहज भएको छ । अझ केही भुक्तानी बाँकी रहेपनि यसलाई पनि निकट भविष्यमै सहज बनाइनेछ । अबका दिनहरुमा उखु किसानले पाउनुपर्ने भुक्तानी लिन पहिले जस्तो कष्ट सहनुपर्ने अवस्था नआउने अपेक्षा गरिएको छ ।

६. रसायनिक मल र विऊ विजन व्यवस्थापन

रसायनिक मल र बीऊबिजनको समयमै पर्याप्त उपलब्धता हुन नसकेको कैयौँ समय भइसक्यो । यो समस्यालाई अन्त्य गर्न संघीय तथा प्रदेश सरकारहरुसँग भेटघाट छलफल गरि समस्या बुझाउने र समाधानको उपाय खोज्ने हेतुले समन्वयका प्रयासहरु भएका छन् । केरा, उखु खेतीलाई सामान्य खेतीभन्दा बढी मल लाग्ने भएकोले सो कुरालाई पनि अवगत गराउने प्रयास गरिएको छ । समयमै आवश्यक भएजति रसायनिक मल तथा उन्नत विउविजन उपलब्ध हुने वातावरण मिलाउन कृषि तथा अन्य सम्बन्धित मन्त्रालयहरुमा पहल गरिएको छ भने माननीय विनोद चौधरीले सभापतित्व गरेको संघीय संसद अन्तर्गतको अर्थसमितिको बैठकले किसानलाई घरायसी प्रयोजनकालागि दुई बोरा मल निर्वाध ल्याउन दिन सरकारलाई निर्देशन दिएको छ ।

७. भूमिहीनका लागि लालपूर्जा

वर्षौंदेखि बसोवास गरिरहेका तर जग्गाको लालपुर्जा नपाएका कारण भूमिहीन हुन पुगेका स्थानीयको समस्यालाई मध्येनजर गरेर भूमि आयोगबाट जग्गाको नापी कार्य भइरहेको छ । २०७९ माघ ३ गते बर्दघाटनगरपालिका-७ जिमिरेभारस्थित त्रिनेत्रधामबाट पहिलोपटक जग्गा नापी कार्य शुरूवात भएको थियो । पहिलो चरणमा मिति २०८०/०३/१३ मा बर्दघाटबाट भूमि आयोग, सम्बन्धित पालिका तथा अन्य निकायको निरन्तर प्रयास स्वरुप भूमि व्यवस्था मन्त्री र माननीय विनोद चौधरीबाट संयुक्त रुपमा लालपुर्जा वितरण प्रारम्भ भइसकेको छ । यो क्रम क्रमशः अन्य क्षेत्रमा पनि विस्तार भई सबै भूमिहीनले लालपुर्जा नपाउन्जेल निरन्तर जारी रहने छ ।

८. गुगल नक्सा सच्याइनु

नवलपरासीका कतिपय नेपालीभूमी गुगलम्यापको त्रुटीका कारण भारततर्फ देखिने समस्या भइरहेकोमा यो समस्या समाधानका लागि पहल भएको थियो । फलतः गुगलम्यापमा नक्सा सच्याउने काम भइसकेको छ ।

९. अम्बास-संसारकोट सडक

बर्दघाटबाट दुम्कीबास जाने बैकल्पिक राजमार्गको रुपमा अम्बास संसारकोट सडक निर्माण योजना कार्यान्वयनमा आएको छ । यो सडक बर्दघाट नगरपालिकाको प्रकृतिमैत्री पर्वतीय पर्यटन विकासका लागि मुख्य सडक संजालको रुपमा उपयोगी हुनेछ । यो सडक निर्माण तथ स्तरोन्नतीका लागि रु. ५ करोडको बजेट छुट्याइएको छ । आ.व. २०८०/०८१ को प्रारम्भदेखि नै यो सडक निर्माणको काम शुरु हुनेछ ।

१०. खजुरा खोला पुल निर्माण

बर्दघाट नगरपालिका वडा नं. ५ र १६ जोड्ने खजुरा खोला पुल ठेक्का लागेर पनि बर्षैसम्म निर्माण सुरु हुन नसकेको अवस्थामा माननीय विनोद चौधरीको पहलमा निर्माण कार्य सुरु भएको छ र अगामी बर्ष भित्रमा निर्माण सम्पन्न हुनेछ ।

(ग) चौधरी फाउण्डेसन मार्फत् सञ्चालित कार्यक्रमहरु

यस निर्वाचन क्षेत्रमा सर्वसाधरणलाई प्रत्यक्ष लाभ पुगोस् भन्ने उद्देश्यले चौधरी फाउण्डेसनबाट आन्तरिक श्रोत व्यवस्थापन गरि विभिन्न सामाजिक, आर्थिक र व्यावसायिक कार्यहरु भएका छन् । यी कार्यबाट यस भेगका जनताहरुको आर्थिक तथा सामाजिक विकासमा प्रत्यक्ष टेवा पुगेको विश्वास गरिएको छ । यस फाउण्डेशनबाट भएका कार्यक्रमहरु निम्न अनुसार रहेका छन् ।

१. महिला सीप विकास

महिलाहरुको सीप विकास अन्तर्गत सिलाई कटाइ, सिउने मेशिन वितरण, ठेलागाडा वितरण, ब्यूटिसियन (ब्यूटी पार्लर) तालिमहरु सम्पन्न गरिएका छन् । महिला विकासलाई जोड दिन र आर्थिक शक्तिकरणका लागि सिलाईकटाईको तालिमदेखि महिलाहरुलाई उद्यमशीलता विकाससम्म जोड्न सीपमूलक कार्यक्रमहरु सञ्चालन गर्दै आइएको छ । नवलपरासी जिल्ला बर्दघाट नगरपालिकाका १५ महिलाहरूलाई ठेला र विउ पूँजी वितरण गरिसकिएको छ । यसै गरि बर्दघाटका विभिन्न वडामा करिव ३७७ जनालाई सिलाईकटाई, ३०७ जनालाई ब्यूटिसियन र ७० महिलालाई स्वरोजगार बनाउन सिलाईकटाई तालिम तथा ब्यूटिसियन तालिम दिइएको छ ।

महिला सशक्तिकरण तथा क्षमता विकासका लागि फाउण्डेसनले विभिन्न कार्यक्रमहरु संचालन गरेर महिला नेतृत्व विकासमा जोड दिँदै आएको छ । यस क्षेत्रका सबै क्षेत्रका महिलाहरुलाई सामूहिक नेतृत्वमा काम गर्ने, आय आर्जनका लागि सीप विकासका तालिम दिने, उद्यमशीलता तथा व्यावसाय विकासका लागि सामग्री तथा विउ पूँजी प्रदान गर्ने, नेतृत्व विकासका लागि महिलालाई अगुवा बनाएर विभिन्न कार्यक्रमहरु गर्ने गरिएको छ ।

२. बर्थिङ्ग सेन्टर लगायत स्वास्थ्य सेवा

चौधरी फाउण्डेसनको सहयोगमा पश्चिम नवलपरासीको पक्लीहवास्थित स्वास्थ्य केन्द्रमा विशेषज्ञ सुविधासहितको बर्थिङ सेन्टर सञ्चालनमा आएको छ । २०७९ साल चैत १३ गते माननीय विनोद चौधरीले सुस्ता गाउँपालिकाको वडा नं. ५ रहेको स्वास्थ्यचौकीको भवनसहित बर्थिङ सेन्टरको उद्घाटन गर्नुभएको थियो ।

फाउण्डेसनले स्वास्थ्य केन्द्रका लागि एक जना एमबीबीएस चिकित्सक, एक जना अनमीको खर्च र आवश्यक स्वास्थ्य उपकरण उपलब्ध गराएको छ । सम्झौता अनुसार गाउँपालिकाको प्रत्येक वडामा नियमित निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्दै आएको छ ।

३. चिसापानी अस्पताल

चौधरी फाउण्डेसनको सहयोगमा चिसापानी अस्पतालको सेवा स्तरोन्नती एवं विस्तार कार्य अगाडि बढीरहेको छ। बर्दघाट नगरपालिका वडा नं. २ मा रहेको चिसापानी अस्पताललाई विशेषज्ञ सेवासहितको अस्पतालका रुपमा विस्तार गर्न फाउण्डेसन र अस्पतालबीच २०७९ फागुनमा सम्झौता भइसकेको छ । अस्पतालमा २४ सै घण्टा ल्याब सुविधा उपलब्ध हुने, शल्यक्रिया सेवासहितको बर्थिङ सेन्टर स्थापना गरिने र २४ सैं घन्टा आपतकालीन सेवाहरूको सुनिश्चितता गरिने सम्झौता पत्रमा उल्लेख छ । यसैगरि ओपीडी दर्ताका लागि टोकन प्रणाली लागू गर्ने, आर्टिफिसियल लिम्ब (कृत्रिम हातखुट्टा) सेवा उपलब्ध गराउने र आगामी ४ वर्षभित्र अस्पताललाई आत्मनिर्भर बनाउने गरि कामहरु भइरहेका छन् । अस्पताललाई रेफरल अस्पतालका रुपमा विकास गर्नको लागि वित्तीय योजना तयार गर्ने काम भइरहेको छ । अस्पतालमा स्त्री रोग विशेषज्ञ, सर्जन, प्रोस्थेटिस्ट, सामान्य सेवा विशेषज्ञ लगायतको सेवा उपलब्ध छ ।

४. सवल कार्यक्रम

मध्यविन्दु अस्पताल, नवलपुरमा, सबल केन्द्रमार्फत् अपांगता भएका नागरिकलाई कृत्रिम हातखुट्टा उपलब्ध गराईने कार्यक्रम २०७८ साल देखि सुचारु भइसकेको छ। सोही कार्यक्रम चिसापानी अस्पताल मार्फत पनि सेवा विस्तारका लागि काम भइरहेको छ ।

५. प्राविधिक तथा पोलिटेक्निक शिक्षा

युवाहरुलाई प्राविधिक शिक्षामार्फत् दक्ष बनाउन चौधरी फाउण्डेसनको पहलमा प्रतापपुर गाउँपालिकामा वडा नं ६ सूर्यपुरामा सिजी पोलिटेक्निक सञ्चालनमा छ । यसमा इलेक्ट्रिक्स र मेकानिकल सम्बन्धी तालिम उपलब्ध गराईएको छ ।

६. युवा क्लबहरुलाई खेलकूद सामग्री वितरण

युवाहरुलाई खेलकुदमा प्रोत्साहनका लागि स्थानीय सातवटा युवा क्लवहरुलाई खेलकुद सामग्रीहरु हस्तान्तरण गरिएको छ ।

७. ज्येष्ठ नागरिकहरुको शास्वतधाम भ्रमण

नवलपरासी निर्वाचन क्षेत्र १ को ३४ वटा वडाका ज्येष्ठ नागरिकलाई शाश्वतधामको भ्रमण गराउने काम हुँदै आएको छ । ज्येष्ठ नागरिकलाई सो धाम निशुल्क भ्रमण गराइएको छ । पछिल्लो समय तराइ मधेशमा बढेको गर्मी र नारायणगढ-बुटवल सडक निर्माण कार्यले यातायातमा असहजता हुँदा शाश्वतधाम भ्रमण कार्य स्थगन गरिएको छ । फेरि यसलाई निरन्तरता दिने फाउण्डेसनको योजना छ ।

८. अन्य सामाजिक कामहरु

- चौधरी फाउण्डेसनको सहयोगमा महिलाहरुलाई लक्षित गरेर बर्दघाट, सुस्ता, सरावल र प्रतापपुरमा हेल्थ क्याम्प आयोजना गरिएको थियो, जसबाट १२ सय बढि स्थानीय महिलाले सेवा लिएका थिए ।
- सरावल ६ मा रहेको महेन्द्र माविका २० छात्रालाई साइकल वितरण गरिएको छ । विद्यालय पुग्न घण्टौं हिड्नुपर्ने विद्यार्थीको सहजताका लागि साइकल वितरण गरिएको हो ।
- सुस्ता, सरावल र प्रतापपुरका ५०० जनालाई कम्मल वितरण गरिएको छ भने करिव १०० जनालाई न्यायो लुगा वितरण गरिएको छ ।
- फाउण्डेसनले अपांगता भएका बर्दघाट, सुस्ता, सरावल र प्रतापपुरका एक सय भन्दा बढि स्थानीयलाई दैनिक जीवनयापन सहज बनाउन विभिन्न सामग्री वितरण गरेको थियो । ह्वीलचियर, बैशाखी, सेतो छडी, कान सुन्नेलगायतका सामग्री वितरण गरिएको हो ।



गण्डक नहर क्षेत्रमा भइरहेको कामको अवलोकन गर्नेक्रममा ।



बर्दघाट स्थित अलपत्र अवस्थामा रहेको धनेवा खोला पुल क्षेत्रको अवलोकन गर्दै मा. विनोद चौधरी

लुम्बिनी प्रदेश मुख्यमन्त्रीलाई योजना दस्तावेज हस्तान्तरण

माननीय श्री विनोद कुमार चौधरीले लुम्बिनी प्रदेशका माननीय मुख्यमन्त्री डिल्लीबहादुर चौधरीज्यूसँग २२ ज्येष्ठ २०८० मा प्रदेश, जिल्ला र निर्वाचन क्षेत्रहरुमा विकास निर्माण आयोजना तथा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने सिलसिलामा दाङमा भेटघाट गर्नु भएको थियो । सो अवसरमा त्यस प्रदेशको आवश्यक विकास, भौतिक पूर्वाधार निर्माण, बार्षिक नीति तथा कार्यक्रम आदि विषयमा गहन छलफल भएको थियो ।

यसै अवसरमा नवलपरासी (ब.सु.प.), निर्वाचन क्षेत्र नं. १ को समग्र विकासका लागि प्रदेश सरकारबाट हुने आवश्यक नीतिगत र कार्यगत सहयोग र सहकार्यका विषयमा छलफल भएको थियो । साथै नवलपरासी १ को विकासका लागि चयन गरिएका गौरवका १५ आयोजनासहित अन्य परियोजनाहरुका लागि माननीय चौधरीको राजनीतिक सचिवालयले तयार पारेको आ.व. २०८०/०८१ मा समावेश गरिनुपर्ने विकास आयोजनाहरुको दस्तावेज माननीय मुख्यमन्त्रीज्यूलाई हस्तान्तरण गर्नुभएको थियो । यस अवसरमा माननीय मुख्य मन्त्रीज्यूले स्रोत साधनले भ्याएसम्म वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरिने कुरा बताउनुभएको थियो । सो अवसरमा प्रदेशका अर्थमन्त्री माननीय धन बहादुर मास्कीलाई पनि सो दस्तावज एक प्रति हस्तान्तरण गर्नुभएको थियो ।



निर्वाचन क्षेत्र भ्रमण तथा संलग्नता

नवलपरासी (ब.सु.प.) १ बाट प्रत्यक्ष निर्वाचित भएपछि माननीय विनोद चौधरीले आफ्नो निर्वाचन क्षेत्रलाई लुम्बिनी प्रदेशकै नमुना निर्वाचन क्षेत्रका रुपमा स्थापित गर्ने उद्धेश्यले निरन्तर विकासका गतिवधिमा सक्रिय रहँदै आउनुभएको छ । निर्वाचनका बेला माननीय विनोद चौधरीमाथि विपक्षीहरुले लगाउने एउटा आरोप थियो, उहाँ निर्वाचित भएपछि निर्वाचन क्षेत्र आउनुहुन्न । तर विपक्षीको आरोपलाई गलत सावित गर्दै उहाँले प्रत्येक महिना एक पटक निर्वाचन क्षेत्र पुग्ने कार्यतालिका नै बनाउनुभएको छ ।

पछिल्लो ६ महिनामा ६ पटक निर्वाचन क्षेत्र पुगेर मतदाताहरुसँग भलाकुसारी गर्ने, मतदातालाई परेका पिरमर्का तत्काल समाभानका लागि पहल गर्ने, आफ्नो क्षेत्रको समग्र विकासका लागि योजना छनोटदेखि तिनीहरुको प्रभावकारी कार्यान्वयनका लागि पहल गर्ने र जिल्लाका सरकारी निकाय लगायत सबै सरोकारवाला निकायसँग निरन्तर छलफल र संवाद गर्दै आउनुभएको छ ।

(क) निर्वाचन क्षेत्रको भ्रमण र मतदातासँग अन्तरक्रिया

महिनाको कम्तीमा एक पटक निर्वाचन क्षेत्रमा गई त्यहाँको विकास निर्माण कामको लेखाजोखा गर्ने र मतदातासँग अन्तरक्रिया गर्ने कार्यक्रम माननीयज्यूको रहे अनुसार त्यस क्षेत्रबाट निर्वाचित भइसकेपछि यस आर्थिक वर्षभित्र उहाँले निम्न अनुसार ६ पटक भ्रमण गरि अन्तर्रक्रिया गर्नुभएको छ ।

मान्नीयज्यूको परासी भ्रमण २०७९ मंसिर देखि २०८० असार मसान्तसम्म			
क्र.सं.	देखि-सम्म	दिन	मुख्य भेटघाट/ कार्यक्रम
१.	२०७९/०८/१६ २०७९/०८/१७	२	क. नगर प्रमुख, उपप्रमुख लगायत जनप्रतिनिधिसँग विकास निर्माण तथा स्थानीय समस्याका बारेमा छलफल । ख. अपांगहरुलाई चौधरी फाउण्डेशनद्वारा वितरण गरिएको सामग्री हस्तान्तरण । ग. नवलपरासी जिल्लाका सम्पूर्ण कार्यालय प्रमुखहरुसँग विकास निमार्ण सम्बन्धी छलफल ।
२.	२०७९/०९/३० २०७९/१०/०३	४	क. ने.का क्षेत्रीय कार्यसमितिको कार्यक्रम ख. सुस्ता गा.पा. वडा नं. १ कार्यकर्ता भेटघाट ग. जनप्रतिनिधि तथा पार्टी प्रतिनिधि, इकाई तथा बुथ सभापतिसँग भेटघाट घ. चौपत्ता माघी मेला, गंगाबस्ती मेला एवम् माघी रात्री भोज कार्यक्रममा सहभागी । ङ. आर्थिक संवाद बर्दघाट न.पा., प्रतापपुर गा.पा.मा भेटघाट । च. क्षेत्र भित्रका पालिकाका जनप्रतिनिधिहरु, विकाश निर्माणसँग सम्बन्धित सरकारी निकायका प्रमुखहरु तथा माननीय ज्यूको सचिवालय सदस्य लगायतसँग निर्वाचन क्षत्रको विकाश निर्माण सम्बन्धि कार्यशाला गोष्ठी । छ. भूमिहीन समस्या समाधान सम्बन्धी छलफल
३.	२०७९/११/०७ २०७९/११/०९	३	क. महायज्ञमा सहभागी ख. सूर्यनगर गोल्डकप र राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको भ्रमण/अवलोकन ग. बर्दघाट –११ का कार्यकर्तासँग भेटघान एवम् जन गुनासो सुनवाई घ. पाल्हीनन्दन क्याम्पस भ्रमण तथा अवलोकन ङ. क्षेत्र अर्न्तगतका पालिकाका कार्यकारी प्रमुखहरुसँग छलफल तथा अर्न्तक्रिया कार्यक्रम । च. चिसापानी अस्पतालसँग सम्झौता हस्ताक्षर कार्यक्रम छ. पार्टी कोर टिमसँग मिटिङ्ग, महिला संघसँग मिटिङ्ग

४.	२०७९/१२/१२ २०७९/१२/१३	२	क. खजुरा खोला पुलको शिलान्यास, बर्दघाट नपा-१५ खानेपानी ट्याङ्कीको उद्घाटन ख. प्रतापपुर गा.पा. वरिष्ठ कार्यकर्ताहरुसँग बैठक ग. सीडिओ लगायत जिल्लाका मुख्य कार्यालय प्रमुख तथा जनप्रतिनिधिहरुसँग विकास निर्माण तथा हुलाकी सडकको कार्यप्रगति एवम् आगामी योजना बारे छलफल । घ. फिल्ड भ्रमण माननीय ज्यू, सिडीओ लगायतसँग ङ. पकलीहवा वर्थिङ्ग सेन्टरको उद्घाटन च. प्रतापपुर गा.पा. कार्यकारीद्वारा तयार पारिएको वृहत प्रतापपुर योजना अवलोकन । छ. उदय युवा क्लव भ्रमण तथा अखिल नेपाल क्रिकेटका क्यापटेन रोहित पौडेललाई सम्मान कार्यक्रम
५.	२०८०/०२/२६ २०८०/०२/३०	५	क. स्व. मिना पाण्डेको श्रद्धाञ्जली कार्यक्रम, सचिवालय सदस्यहरुसँग बैठक ख. बर्दघाट न.पा.को वार्षिक कार्यक्रममा प्रमुख अतिथि ग. बर्दघाट न.पा. – १२ ने.का. कार्यकर्ता भेटघाट घ. नेपाली काँग्रेस क्षेत्रीय कार्यसमितिसँग बैठक ङ. मुस्लिम ओल्मी काउन्सीलको कार्यक्रममा प्रमुख अतिथि च. ने.का. बर्दघाट न.पा.का कोर टिमसँग मिटिङ्ग छ. नारायणी नदी तटबन्धन लगायत विकास निर्माण कार्यको निरिक्षण तथा फिल्ड भिजिट ज. प्र.जि.अ., एस.पी. लगायतसँग तथा विकास कार्यालय प्रमुखसँग समिक्षा बैठक झ. सुरक्षित आवास कार्यक्रमको बैठक ञ. सरावल गा.पा. कार्यकर्तासँग भेटघाट ट. प्रेस मिट एवम् माननीय ज्यूको बेवसाइट लोकार्पण ठ. परासी भूमि आयोगको कार्यक्रम

६	२०८०/०३/१३ २०८०/०३/१४	२	क. माननीय रंजीता श्रेष्ठ सँगको भेटघाट ख. लालपुर्जा वितरण कार्यक्रम ग. परासीको सि.डि.ओ. सँग नागरिकता वितरण प्रक्रिया र कठिनाइ, वितरणका लागि जनशक्तिको अभाव र संवैधानिक द्वन्द्वको बारेमा छलफल ग. कार्यकर्तासँग विभिन्न मुद्धा जस्तै भन्सार खोल्ने, केरा फ्याक्ट्री जस्ता विषयमा छलफल भएको थियो घ. बेलटारीमा वाणिज्य बैंक स्थापना गर्ने र नेपाल प्रहरीका कर्मचारीलाई सहजीकरण गर्ने विषयमा छलफल ङ. सुस्ता-३ को श्री शुभकामना आधारभूत विद्यालयको भवन निर्माण सम्पन्न गर्न कोष विनियोजन गर्ने बारे छलफल च. सुस्ता-५ मदरशा अजीजिया हल सुन्नत अनवरुल उलूममा चार कोठा भवनको लागी कोष दिइएको छ । छ. युवा सामाजिक विकास संस्थालाई १२० टीशर्टको लागि सहयोग गरिएको छ ।

(ख) सरकारी निकायका प्रमुख तथा पदाधिकारीहरुसँग छलफल र विकास निर्माण कार्यको समीक्षा

प्रत्येक पटक निर्वाचन क्षेत्र जाँदा उहाँले जिल्लाका सरकारी निकायका प्रमुख, स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीका साथै सरोकारवाला सबै निकायसँग सामूहीक र छुट्टाछुट्टै छलफल गर्दै आउनुभएको छ । विकास निर्माणलाई सहज र प्रभावकारी बनाउन सबै निकायबीच समन्वय गराउने हेतुले उहाँले संयुक्त छलफल गराउनुहुन्छ ।

उहाँले निर्वाचन क्षेत्रमा रहेको सम्पर्क कार्यालय र काठमाडौंस्थित राजनीतिक सचिवालयमार्फत् निर्वाचन क्षेत्रको विकासका लागि निरन्तर सक्रियता देखाउँदै आउनुभएको छ । हरेक महिना निर्वाचन क्षेत्र पुगेर पार्टीका नेता कार्यकर्तासँगै नागरिक समाज, सरकारी र निजी क्षेत्रहरुसँग नवलपरासीको विकासका बारेमा अन्तरक्रिया गर्दै आउनुभएको छ । निर्वाचन क्षेत्रको विकासमा राजनीतिक आस्थाभन्दा माथि उठेर निर्णय प्रक्रियामा सबैको सहभागिता गराउने र योजनामा अपनत्व महसुस गराउने गरी उहाँले काम गर्दै आउनुभएको छ ।



चीसापानी अस्पतालको भौतिक विकास बारे स्थलगत अवलोकन गर्दै
मा. विनोद चौधरी



निर्वाचनक्षेत्रको विकासबारे स्थानीयसँग अन्तरक्रिया गर्दै
मा. विनोद चौधरी, साथमा प्रदेश सांसद देवकरण प्रशाद कलवार ।

सामाजिक गतिविधि : सहयोग एवं सहजीकरण

(क) सिफारिस तथा सहयोग

मूलतः भारतीय राजदूतावासमार्फत् हरेक वर्ष विभिन्न शीर्षकमा दिईंदै आएको छात्रवृत्तिको लागि माननीयज्यूको सचिवालयमार्फत् यस क्षेत्रका छात्रछात्राहरुलाई छात्रवृत्ति प्राप्त गर्न सहयोग पुऱ्याउने उद्देश्यका साथ आवश्यक सिफारिस गर्ने गरिएको छ ।

१. एम्बुलेन्स

भारतीय राजदूतवासले हरेक वर्ष १५ अगस्त एवम् २६ जनवरीमा वितरण गरिने एम्बुलेन्स तथा स्कूल बसको लागि यस क्षेत्रका स्वास्थ्य संस्था तथा शिक्षण संस्थाहरुलाई प्रदान गरी सहयोग पुऱ्याउने उद्देश्यका साथ एम्बुलेन्स तथा बसको लागि निम्न अनुसार सिफारिस गरिएको छ ।

क) सुस्ता गाउँपालिका: यस गाउँपालिका वडा नं. ५ पकलिहवा वर्थिङ्ग सेन्टरको लागि १ थान एम्बुलेन्सको लागि सिफारिस गरिएको छ ।

ख) सरावल गाउँपालिका: यस गाउँपालिका वडा नं. ७ भुजावा स्वास्थ्यचौकीको लागि १ थान एम्बुलेन्स सिफारिस गरिएको छ ।

२. स्कुल बस

नवलपरासी जिल्लाका विभिन्न शैक्षिक संस्थाहरुमा दूरदराजबाट आउने छात्रछात्राहरुलाई विद्यालय आवतजावत गर्न सहयोग पुऱ्याउन हेतुले स्कुल बस उपलब्ध गराइदिनका निम्न अनुसर सिफारिस गरिएको हो ।

क. श्री त्रिभुवन माध्यामिक विद्यालय, प्रतापपुर-९, बेलाटारी

ख. श्री महेन्द्र माध्यामिक विद्यालय, प्रतापपुर-३, सोमनी

ग. श्री ज्ञानज्योति माध्यामिक विद्यालय, बर्दघाट-१०,

घ. श्री नेपाल राष्ट्रिय माध्यामिक विद्यालय, सुस्ता-४, नरसही

ङ. श्री जनता माध्यामिक विद्यालय, मध्यविन्दु-१०, नवलपरासी (पूर्व)

३. छात्रवृत्ति सिफारिसः

क. भारतीय राजदूतावास गोल्डेन जुविली छात्रवृत्तिः

१. सुश्री बन्दना कुमारी यादव, प्रतापपुर-२, सेमरी

२. सुश्री सोनी गुप्ता, प्रतापपुर-२, सेमरी

३. सुश्री सलोनी गुप्ता प्रतापपुर-२, सेमरी

ख. भारतीय राजदूतावास आई.सी.सी.आर. छात्रवृत्तिः

१. मो. अफरोज अली, कम्प्युटर साइन्स (आई.टी.) (सरावल-६)

२. शाहनवाज हुसैन मियाँ, बी.बी.ए. (प्रतापपुर-६)

३. सोहएल आलम अन्सारी, होटेल मेनेजमेन्ट (सुस्ता-४)

४. कृति सिंह चौधरी, आयुर्वेद योगा (सरावल-६)

५. रुपेश कुमार यादव, एम.बी.ए. (विष्णुपुर-४ सप्तरी)

(ख) शुभकामनाः

क. बाबा साहेब डा. भिमराव अम्बेड्कर ज्यूको १३२औं जन्म जयन्ती

ख. विश्व हिन्दु महासंघ नेपाल राष्ट्रिय समितिको आठौं महासभा एवम् महाधिवेशन

ग. मदरसा सन्देश, २०८०

घ. नेपाल शिक्षक संघ नवलपरासी (ब.सु.प.) २४ नवौं जिल्ला अधिवेशन

ङ. जिल्ला खोप समन्वय समिति नवलपरासी (ब.सु.प.)

च. नेपाल प्रेस युनियन नवलपुर शाखाको ११ औँ जिल्ला अधिवेशन

छ. नेपाली काँग्रेस नवलपरासी (ब.सु.प.) क्षेत्र नं. २ (ख) प्रदेश क्षेत्रीय कार्यालय उद्घाटन

ज. ईदको शुभकामना, हाजीलाई शुभकामना

झ. मोहर्रम तथा ताजिया मेला सफलताको कामना

(ग) श्रद्धान्जलीः

क. डा. रविन्द्रनाथ शुक्ल (सर्वेन्द्रनाथ शुक्लको दाजु)

ख. सीता दाहाल (प्र.म. श्रीमति)

(घ) वैदेशिक रोजगारी सहजीकरण

यस क्षेत्रबाट वैदेशिक रोजगारीमा जान चाहने युवाहरुलाई यस सचिवालयबाट सहजीकरण गर्ने गरिएको छ । युवाहरुले सही कम्पनी छनोट गर्न सकुन, सही प्रक्रिया अंगालुन् र सही विधि र प्रक्रियाबाट छनोट होउन् भन्ने ध्येयले यस्तो सहजीकरण गर्ने गरिएको हो । दुवई, मलेसिया, कतार लगायतका देशहरुमा बैदेशिक रोजगारीमा जान चाहने युवाहरुलाई निःशुल्क भिषा र निःशुल्क टिकट हुने व्यवस्था गरिएको छ ।

यसै गरी वैदेशिक रोजगारीमा गएका तर कारणवस स्वदेश फर्कन चाहनेहरुका लागि पनि सहजीकरण गर्ने गरिएको छ । म्यानपावर कम्पनीबाट पैसा फिर्ता गर्ने गराउने जस्ता कामको सहजीकरण सेवा मलेशिया र साउदी अरबबाट फर्कने चाहने दुई जनाले प्राप्त गरिसकेका छन् ।

नेपाली कांग्रेस पार्टीसम्बन्धी गतिविधि

(क) नेपाली कांग्रेस पार्टीको बैठकहरुमा सहभागिता

मंसिरमा सम्पन्न निर्वाचनपछि नेपाली कांग्रेसको केन्द्रीय कार्यसमिति बैठक २०८० श्रावणको पहिलो हप्तामा बसेको छ । केन्द्रीय समिति बैठकमा उहाँले पार्टीभित्र संगठन सुदृढिकरण र शुद्धिकरणको आवश्यकता रहेको औंल्याउनुभयो । केन्द्रीय सदस्य चौधरीले प्रतिनिधिसभा निर्वाचनमा पार्टीको आधिकारीक उम्मेदवारविरुद्ध जिल्ला र स्थानीय तहका कतिपय महत्वपूर्ण जिम्मेवारीमा रहेका नेता कार्यकर्ताहरु नै सक्रिय रुपमा लागेको अनुभव केन्द्रीय समिति बैठकमा सुनाउनुभयो । उहाँले पार्टीभित्र अनुशासनहीनता बढ्दै गएकोमा चिन्ता व्यक्त गर्दै समयमै पार्टीले गलत आचरण र गैरजिम्मेवार भूमिका निर्वाह गर्ने नेता कार्यकर्तालाई कारवाहीको दायरामा ल्याउनुपर्नेमा जोड दिनुभयो ।

उहाँले जिल्लादेखि केन्द्रमा हुने पार्टीका गतिविधिमा सक्रियतापूर्वक सहभागीता जनाउँदै आउनुभएको छ । उहाँले पार्टी सभापति शेरबहादुर देउवादेखि पार्टीका अन्य पदाधिकारी र केन्द्रीय सदस्यहरुसँग पार्टीको प्रभावकारीता र सरकारको जिम्मेवारीका बारेमा सुझाव दिँदै आउनुभएको छ ।

त्यस्तै अन्य राजनीतिक फोरममार्फत् पनि देशको विकास र समृद्धिका विषयमा निरन्तर धारणा राख्दै आउनुभएको छ । पार्टीभित्रको गुटउपगुटले कांग्रेस कमजोर भएको कुराले उहाँले बारम्बार उठाउनुभएको छ भने राजनीतिलाई मुलुक निर्माणको माध्यम बनाउनुपर्नेमा सांसद चौधरीले जोड दिँदै आउनुभएको छ । आफ्नो निर्वाचन क्षेत्र रहेको नवलपरासी जाँदा हरेक पटक पार्टीको जिल्ला कार्यसमिति र क्षेत्रीय समितिसँग संवाद गर्दै आउनुभएको छ । पार्टीका भ्रातृ र शुभेच्छुक संस्थालाई चलायमान बनाउन उहाँले निरन्तर पहल गर्दै आउनुभएको छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चमा सहभागिता

निर्वाचन जितेपछि माननीयज्यूले मुलुकभित्र र बाहिरका महत्वपूर्ण मञ्चमा आफ्नो प्रभावकारी सहभागीता देखाउँदै आउनुभएको छ। नेपालको प्रतिष्ठित उद्योगपति एवं जनताबाट प्रत्यक्ष निर्वाचित सांसदका रुपमा उहाँको अनुभव र विज्ञता धेरैका लागि अनुकरणीय विषय बन्नु स्वभाविक नै हो ।

बैशाख २४ गते काठमाडौंमा आयोजना भएको नेपाल विजिनेस समिटमा प्रमुख वक्ताका रुपमा माननीयज्यूको सहभागीता रहेको थियो । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, नेपालका सरकारका उच्च अधिकारी, विदेशी दातृ निकायका अधिकारीसँगै निजी क्षेत्रको उपस्थिति रहेको उक्त कार्यक्रममा माननीयज्यूले भन्नुभयो, 'नेपाल एउटा प्रयोगमा अझै नल्याइएको कच्चा हिरा हो, जसमाथि हामी बसेका छौं ।'

उहाँले यूएईलगायतका देशको उदाहरण दिँदै उद्यमशील व्यक्तिहरुलाई लगानी गर्ने वातावरण निर्माणका लागि सरकारको ध्यानाकर्षण गराउनुभएको थियो । यस्तै बैशाख १० गते भारतको अयोध्यामा आयोजित एक धार्मिक कार्यक्रममा नेपालको प्रतिनिधित्व गर्दै सहभागी हुनुभयो ।

यसैगरी, १५ देखि १७ मई २०२३ मा Rajaratnam School of International Studies (RSIS) सिंगापुरले आयोजना गरेको RSIS-WTO Parliamentarian Workshop 2023 मा नेपालको तर्फबाट key notes वक्ताकारुपमा सहभागी हुनुभएको थियो ।



सञ्चार माध्यममा सहभागिता

विश्व समुदायमा परिचित नेपालका एक प्रतिष्ठित उद्योगपति व्यवसायी हुनुको नाताले आमसञ्चारको रोजाईमा विनोद चौधरी पर्नु स्वभाविक हो । त्यसमा पनि उहाँको राजनीतिमा प्रत्यक्ष संलग्नता र जनताबाट निर्वाचित भएर आउने दृढ संकल्प आफैमा धेरैका लागि आश्चर्यको विषय थियो । त्यसैले पनि नेपालमा मूलधारका सबैजसो मिडियाले खोज्ने पात्र हुनुहुन्छ, विनोद चौधरी । निर्वाचनका बेला उहाँको निर्वाचन क्षेत्रसम्मै पुगेर मूलधारका टेलिभिजन, पत्रपत्रिका र अनलाइनहरुले अन्तर्वार्ता लिई थुप्रै समाचारहरु सम्प्रेषण गरे । उहाँसँगै चुनावी अभियानमा सहभागी भएर स्थगलत रिपोर्टिङ गरे । चुनाव अघि र निर्वाचित भइसकेपछि सामाजिक सञ्जालदेखि सञ्चारमाध्यममा चर्चाको केन्द्रमा रहनुभयो, माननीय विनोद चौधरी ।

चुनाव अवधिभर नवलपरासी निर्वाचन क्षेत्र नं. १ देशकै चर्चित निर्वाचन क्षेत्रका रुपमा चर्चामा रहिरह्यो । विनोद चौधरीको उम्मेदवारी जसरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चर्चा र चासोको विषय बनेको थियो, चुनावी परिणाम पनि उत्तिकै कौतुहलताको विषय बनिरह्यो । ठूलो मतान्तरसहित निर्वाचित भएपछि उहाँले सञ्चारमाध्यममा बोलेरभन्दा पनि काम गरेर आफूलाई पुष्टि गर्ने संकल्प लिनुभयो । उहाँ निर्वाचन जितिसकेपछि सार्वजनिक सञ्चारमाध्यममा अन्तर्वार्ताका लागि जानुभएको छैन । उहाँको प्राथमिकतामा निर्वाचन क्षेत्रको विकास र समृद्धि नै छ । उहाँको निर्वाचन क्षेत्रमा भइरहेका विकास निर्माणका कामलाई सञ्चारमाध्यमले प्राथमिकताका साथ सम्प्रेषण गर्दै आएका छन् ।

सर्वसाधारणको समस्या तथा गुनासो निराकरणका प्रयास

जनप्रतिनिधि र नागरिकबीचको सम्बन्धलाई बलियो बनाउन, उनीहरुका समस्या र गुनासा निराकरणको कार्यलाई माननीयज्यूले उच्च प्राथमिकतामा राख्नुभएको छ । निर्वाचन क्षेत्र जाँदा स्थानीयसँग प्रत्यक्ष संवादका क्रममा होस् वा उहाँलाई विभिन्न माध्यमबाट आउने समस्या होउन, त्यसको निराकरणका लागि पहल गरिएको छ । नवलपरासीको निर्वाचन क्षेत्रलाई मध्यनजर गरेर जिमिरेभारमा स्थापना भएको सम्पर्क कार्यालय, काठमाडौंस्थित राजनीतिक सचिवालयका साथै अन्य माध्यमबाट आउने नागरिकका व्यक्तिगत वा निर्वाचन क्षेत्रका विकाससम्बन्धी समस्या समाधानका लागि काम गर्दै आउनुभएको छ । सर्वसाधारणका समस्या समाधानका लागि उहाँको सचिवालयले काम गर्ने गरेको छ ।

(क) निजी सचिवालयका गतिविधि

१ केन्द्रमा रहेको सचिवालय

माननीयज्यूको भूमिकालाई संसद र निर्वाचन क्षेत्रमा प्रभावकारी बनाउन केन्द्रमा रहेको राजनीतिक सचिवालयले काम गर्ने गरेको छ । केन्द्रमा जनसम्पर्कको कामका साथै विकास निर्माणका लागि सरकारी निकायसँग प्रत्यक्ष समन्वयको काम पनि ललितपुरमा रहेको राजनीतिक सचिवालयले गर्ने गरेको छ । मतदाताहरुको समस्याको समाधानका लागि समन्वयात्मक भूमिका निर्वाह हुँदैआएको छ । पालिका र केन्द्र, पालिका र प्रदेश तथा केन्द्र र प्रदेशबीचको समन्वयात्मक भूमिका निभाईरहेको छ । त्यस्तै निर्वाचन क्षेत्रमा भइरहेका विकास निर्माणका काम र अगाडि बढाउनुपर्ने अन्य कामको व्यवस्थित कार्ययोजना बनाएर त्यसलाई कार्यान्वयनमा लैजान पनि सचिवालयले काम गर्दै आएको छ ।

२ बेलायती सांसदसँग अन्तर्क्रिया

माननीयज्यू र बेलायती सांसद (हाउस अफ कमन्स) श्री विरेन्द्र शर्माबीच संसद र सांसदको सचिवालयलाई प्रभावकारी बनाउने विषयमा एक दिने छलफल कार्यक्रमको अयोजना

गरियो । २०७९ चैत ५ गते आइतबार ललितपुरको भिभान्तामा भएको उक्त अन्तरक्रिया कार्यक्रममा बेलायती सांसद शर्माले सांसदलाई सफल बनाउन निजी सचिवालयको प्रभावकारी भूमिकामाथि जोड दिनुभयो । उहाँले भन्नुभएको थियो, 'सांसद एक्लैले गरेर केहि हुँदैन । सांसदलाई सफल बनाउने भनेको उसको निजी सचिवालय कति प्रभावकारी र सक्षम छ भन्ने कुरामा निर्भर हुन्छ ।' बेलायती सांसद शर्माका सहयोगी डोमिनिक मोफिटले पनि आफ्नो अनुभव सुनाउनुभएको थियो ।

३ जिमिरेभारमा रहेको सम्पर्क कार्यालय

जनप्रतिनिधिलाई नागरिकसँग प्रत्यक्ष जोड्न माननीय विनोद चौधरीले निर्वाचन क्षेत्रमा राजनीतिक सचिवालय स्थापना गर्नुभएको छ । बर्दघाट नगरपालिकाको जिमिरेभारमा रहेको सम्पर्क कार्यालयबाट जनताका गुनासा सुन्ने र त्यसको सुनुवाईका लागि पहल गर्ने काम सचिवालयबाट हुने गरेको छ । निर्वाचन क्षेत्रमा जनप्रतिनिधिको उपस्थितिलाई प्रभावकारी बनाउन सचिवालयले भूमिका खेल्ने गरेको छ । निर्वाचन क्षेत्रको विकास निर्माणका काम र माननीय विनोद चौधरीको पहलमा छनोट भएका आयोजना र अन्य सामाजिक कामलाई प्रभावकारी रुपमा अगाडि बढाउन सचिवालयले सहजीकरणको भूमिका खेल्दै आएको छ ।

(ख) माननीयको सेवा सुविधाको उपयोग

तलब, भत्ता तथा सदन बैठक भत्ता

माननीय विनोद चौधरीले सांसदको हैसियतले संसद सचिवालयबाट पाउने सुविधामा दशौं गुणा रकम थपेर सामाजिक कार्यमा खर्च गर्दै आउनुभएको छ । संसद सचिवालयबाट पाउने मासिक भत्ता र बैठक भत्तालगायतबाट प्राप्त सुविधामा आफ्नोतर्फबाट व्यक्तिगत रुपमा थप रकम हालेर उहाँले हरेक महिना निर्वाचन क्षेत्रको सामाजिक र विकासका काम एवं विभिन्न आर्थिक सहयोगका लागि खर्च गर्दै आउनुभएको छ ।

माननीय चौधरीले पाउने सुविधाको रकमको व्यवस्थापन र परिचालन उहाँको सचिवालयले गर्ने गरेको छ । काठमाडौं र निर्वाचन क्षेत्रमा चौधरीले सचिवालय राख्नुभएको छ । जिल्लाबाट विभिन्न समस्यामा परेका व्यक्तिहरु र अन्य सामाजिक संघसंस्थाहरुले सहयोगको अपेक्षा गरेर आउँने गरेका छन् । संसद सचिवालयबाट आउने रकम र माननीयज्यूबाट थपेर यस्ता धेरै सामाजिक काममा खर्च गर्ने गरिएको छ ।

अनुसूचीहरु

क) सार्वजनिक धारणाहरु

अनुसूची १ : आर्थिक वर्ष २०८०/८१ को पूर्वबजेट छलफलमा सांसद विनोद चौधरीले संघीय संसदमा राखेको धारणा

अनुसूची २ : नेपाल विजनेश समिट- २०२३ मा 'कि नोट स्पिकर'का रुपमा दिएको मन्तव्य

अनुसूची ३ : माननीय विनोद चौधरीले आर्थिक विधेयकमाथिको छलफलमा भाग लिँदै व्यक्त गरेको विचार

अनुसूची ४ : नेपाली कांग्रेस केन्द्रीय कार्यसमिति बैठकमा व्यक्त धारणा

ख) आ.व.२०८०/०८१ का लागि निर्वाचन क्षेत्रका लागि छुट्याइएको बजेट तथा कर्यक्रमको विवरण

अनुसूची १ : आ.व.२०८०/०८१ संघीय बजेट नवलपरासी (ब.सु.प) निर्वाचन क्षेत्र १ का लागि समावेश भएका पूँजीगत बजेटको विवरण

अनुसूची २ : आ.व. २०८०/०८१ लुम्बिनी प्रदेश सरकारको बजेट - नवलपरासी (ब.सु.प.) निर्वाचन क्षेत्र १ का लागि समावेश भएका पूँजीगत बजेटको विवरण:

क) सार्वजनिक धारणाहरु

अनुसूची १

आर्थिक वर्ष २०८०/८१ को पूर्वबजेट छलफलमा सांसद विनोद चौधरीले संघीय संसदमा राखेको धारणा

आगामी आर्थिक वर्षको बजेट दोस्रो चरणको आर्थिक सुधारको गन्तव्य बन्नुपर्छ। २०४८ सालपछि आर्थिक उदारीकरणमार्फत् सुरु गरिएका सुधारले आज मुलुकमा निजी क्षेत्रको संस्थागत विकास हुन सकेको हो। सोही नीतिको प्रतिफलस्वरूप आज मुलुकमा दूरसञ्चार, बैंक तथा वित्तीय क्षेत्र, हस्पिटालिटी, यातायात तथा हवाई उड्डयन, सूचना प्रविधि, शिक्षा र स्वास्थ्य क्षेत्रले ठूलो फड्को मारेको छ।

यस नीतिले कुल गार्हस्थ्य उत्पादनको झन्डै ३५ प्रतिशत हिस्सा ओगट्ने नयाँ क्षेत्रहरू विकास भएका छन्। तर, त्यसपछि हामीले दोस्रो चरणको सुधारलाई अगाडि बढाउन सकेनौं। विश्व अर्थतन्त्रको दिशा नै यस अवधिमा युटर्न भएको छ। सूचना प्रविधिमा आधारित व्यवसाय अर्थतन्त्रको अघिल्लो पंक्तिमा उभिएका छन्। आजको दुनियाँ 'डिजिटल वर्ल्ड'को कारणले नवप्रवर्तनका कथा हामीमाझ छन्।

आर्थिक मन्दीका कारण राजस्व संकलन हाम्रो चुनौती बनेको छ। वैशाख २५ सम्ममा बजेटको लक्ष्यको तुलनामा ५२ प्रतिशतमात्रै राजस्व संकलन भएको छ। अर्कोतर्फ, नेपालको जीडीपीमा राजस्वको अनुपात करिब २० प्रतिशत पुगेको छ जबकि, भारतमा त्यस्तो अनुपात १२ प्रतिशत र बंगलादेशमा ७ प्रतिशतमात्रै छ।

तर, दुःखका साथ भन्नुपर्छ जीडीपीको तुलनामा सबैभन्दा उच्च अनुपातमा राजस्व उठाउने नेपालमा चुहावट पनि त्यत्तिकै गम्भीर चुनौती हो। कर प्रणालीलाई प्राविधिकरूपमा आधुनिक र सक्षम बनाई राजस्व प्रणालीलाई आधुनिक बनाउन सकियो भने राजस्व संकलन बढाउने मात्रै होइन, चुहावट पनि रोक्न सकिन्छ। र, राजस्वका दरहरूलाई अन्य मुलुकसरह धान्न सक्ने बनाउन सकिन्छ।

नेपालको जलविद्युत् उत्पादन र निर्यातको उत्कृष्ट मोडलमा काम भइरहेको छ। पहिलोपटक भारत र नेपालका सरकारी विद्युत कम्पनीको संयुक्त लगानीमा अरूण-४ जलविद्युत् परियोजना

बन्दैछ, जसबाट २१.९ प्रतिशत निःशुल्क ऊर्जा नेपालले पाउनेछ । यसरी आफ्नो स्वामित्व पनि हुने र निःशुल्क ऊर्जा पनि पाउने गरी विकास हुँदै गरेको यो परियोजना ज्वाइन्ट भेन्चर तथा पार्टनरसिपको नयाँ मोडलका रूपमा स्थापित भएको छ ।

कर्णाली बेसिनका १२ हजार मेगावाटभन्दा बढी क्षमताका परियोजनामा लगानी गर्न पनि ठूला विदेशी लगानीकर्ता इच्छुक देखिएका छन् । यस मोडेललाई पछ्याउँदै हामीले हाम्रो जलस्रोतको विकासमा फड्को मार्न र विद्युत् निर्यातमार्फत देशको व्यापार घाटालाई सन्तुलनमा ल्याउन सकिन्छ । व्यापार घाटाको बढ्दो र धान्न नसकिने अवस्थामा पुगेको खाडल पुर्न यो एउटा सशक्त माध्यम बन्नसक्छ ।

हाम्रो प्राथमिकता सकेसम्म धेरै विद्युत् मुलुकमै खपत गर्ने हुनुपर्छ । त्यसका लागि नेपाललाई क्रिप्टो माइनिङको हब बनाउन सकिन्छ । यसका लागि गुणस्तरीय विद्युत् आवश्यक पर्छ । हुन त अहिले क्रिप्टो माइनिङ तथा कारोबार नेपालमा प्रतिबन्धित छ।

कसैले क्रिप्टो माइनिङ गरेर निर्यात गर्छ भने त्यसमा प्रतिबन्ध लगाउन जरुरी छैन । हामीले यसका लागि विशेष कार्यक्रम नै घोषणा गर्न सक्छौं र ठूला लगानीकर्तालाई ल्याउन सक्छौं । यो पनि हाम्रो व्यापारघाटा घटाउन कोसेढुंगा साबित हुनसक्छ ।

अर्बौं लगानी लगाएर बनाएका हाम्रा दुई नयाँ अन्तर्राष्ट्रिय विमानस्थल वास्तवमा अहिले मृतप्रायः छन् । यी एयरपोर्टलाई व्यवस्थितरुपमा सञ्चालन गर्न अन्तर्राष्ट्रियस्तरमा एयरलाइन्सहरुको सञ्जाल व्यवस्थापनमा कुशल र एयरपोर्ट व्यवस्थापनमा ख्यातिप्राप्त संस्थाहरूलाई आमन्त्रण गर्न सक्नुपर्छ । भारतले हवाई सेवालाई सस्तो बनाएर आमनागरिकको पहुँचमा पुऱ्याउन एवं दोस्रो र तेस्रो तहका साना सहरलाई जोड्न उडान कार्यक्रम घोषणा गरेको छ ।

गोरखपुर दरभंगाजस्ता भारतका साना सहर भारतका ठूला सहरसँग जोडिएका छन् । यी सहर एभिएसन हबकै रूपमा विकास भएका छन् । पर्यटनका अन्य पूर्वाधार विकासलाई प्रोत्साहन गर्दै आर्थिक कूटनीतिलाई प्रभावकारी बनाउन सकियो भने आगामी पाँच वर्षमा ५० लाख पर्यटक नेपाल भित्रयाउन सम्भव हुनेछ । यो सोचको प्रस्थान विन्दु आगामी आर्थिक वर्षको बजेट बन्न सकोस् भन्ने मेरो कामना छ । दैनिक २ हजारदेखि २५ सय युवा वैदेशिक रोजगारीका लागि बिदेसिने गरेको पृष्ठभूमिमा यो देशभित्र रोजगारी सिर्जनाको महत्वपूर्ण माध्यम बन्न सक्छ ।

भैरहवामा एउटा विशेष आर्थिक क्षेत्र ९सेज० बनाउन हामीलाई दुई दशक लाग्यो । त्यहाँ पनि लगानीकर्ता आकर्षित हुन सकेनन् । २०७३ सालमा खुला गरिएको भैरहवा सेजमा ६८ वटा प्लट छन् तर ६ वर्षमा ७ वटा उद्योगमात्रै गएका छन् । अन्य सेजको अवस्था पनि उही छ ।

हाम्रा छिमेकी मुलुक चीन र भारतले स्थापना गरेका सेजमा बहुराष्ट्रिय कम्पनी सहजै आकर्षित भइरहेका छन् । तर, हाम्रोमा किन भइरहेका छैनन् भन्ने बारेमा मात्रै अध्ययन गर्‍यौं भने हाम्रा नीति कति लगानीमैत्री छन् भन्ने कुरा छर्लङ्ग हुन्छ । नेपाललाई लगानीकर्ताको आकर्षक गन्तव्यमा विकास गर्न बजेटमार्फत प्रभावकारी कदम चालिनेछ भन्नेमा मेरो विश्वास छ ।

खुला अर्थव्यवस्थामा सर्वसाधारणसँग छरिएर रहेको स(सानो रकम जम्मा गरेर ठूलो पुँजी निर्माण गर्ने तथा ठूला कर्पोरेटहरूको नाफा जनतामा वितरण गर्ने माध्यम नै पुँजीबजार हो । यो बजारलाई पर्याप्त उपयोग गर्न सक्ने हो भने जनतासँग भएको सानो(सानो पुँजी एकत्रित गरी ठूला(ठूला परियोजना बनाउन सकिन्छ । तर, राज्यसँग पुँजीबजारलाई हेर्ने स्पष्ट दृष्टिकोण नहुँदा यसको विकासमा अवरोध सिर्जना भएको छ । बजारले ठूला पुँजी गुमाएको छ र पुँजी बजार लगभग ठप्प छ । पुँजीमा पर्याप्त विकल्प स्थापित गर्नु महत्वपूर्ण चुनौती हो ।

हाम्रो बजेटको संरचनागत परिवर्तनका लागि कठोर निर्णय नलिएसम्म आर्थिक विकासको गतिलाई तीव्र बनाउन गाह्रो देखिन्छ । यस वर्षको बजेटमा पुँजीगत खर्चका लागि २१ प्रतिशतमात्रै रकम विनियोजन गरिएको छ । यो रकममध्ये पनि ३५ प्रतिशतमात्रै खर्च हुने हाम्रो परम्परा भइसकेको छ । अर्थात् कुल बजेटको विकासमा ६ प्रतिशतमात्रै लगानी हुने अवस्था देखिन्छ । सरकारको चालू खर्च भनेको कम्पनीको 'ओभरहेड' खर्च भनेजस्तै हो । कुनै कम्पनी नाफामा चलाउन त्यसको कारोबार ओभरहेड खर्चको कम्तीमा पनि तीन गुणा हुनुपर्छ । अहिलेको सरकारको बजेटजस्तो कम्पनीको कुल कारोबारको पाँच गुणा बढी ओभरहेड खर्च भयो भने त त्यो कम्पनी टाट पल्टन्छ । बजेट विनियोजनमा पुँजीगत खर्च र चालू खर्चको अनुपात ६०/४० प्रतिशत बनाउनेतर्फ बजेटले ठोस प्रयासको प्रारम्भ यसै बजेटमार्फत गनुपर्छ ।

म केही विकास परियोजनालाई उदाहरणका रूपमा प्रस्तुत गरेर हाम्रो विकास मोडल कस्तो छ भन्ने बारेमा गम्भीर छलफल होस् भन्ने चाहन्छु । मेलम्ची खानेपानी आयोजनाको योजना ३० वर्षमा पनि पूरा भएको छैन । मेलम्चीको पानी खाने आशा राख्दाराख्दै एउटा सिंगो पुस्ता सकिएको छ । बुढीगण्डकी जलविद्युत् परियोजना निर्माण गर्न आमउपभोक्ताले २०७२ सालदेखि प्रतिलिटर इन्धन किन्दा १० रूपैयाँ कर तिरिरहेका छन् । यो करको नाम परिवर्तन गरी 'पूर्वाधार विकास कर' भनिएको छ । तर, आजसम्म पनि यो परियोजना कसरी अगाडि बढ्नेछ भन्ने स्पष्ट छैन ।

काठमाडौं-तराई जोड्ने फास्ट ट्रयाक होस् वा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, सिक्टा सिँचाइ होस् वा पूर्व-पश्चिम रेल वे हाम्रा विकास मोडलका नकारात्मक नमुना बनेर बसेका छन् । आयोजना कार्यान्वयन चक्रमा आमूल सुधार जरुरी छ । हाम्रा ठूला आयोजनाको

कार्यान्वयन कमजोर, भष्ट्राचार उन्मुख एवं कहालीलाग्दो छ । यसमा आमूल परिवर्तन ल्याउनु आजको महत्वपूर्ण प्राथमिकता हो ।

विसं. १९७२ मा काठमाडौंमा राजदरबारका सदस्यले अध्ययन गर्नका लागि बूढानीलकण्ठ स्कुल खोलियो । त्यसबेला राजदरबारका लागि छुट्टै विद्यालय हुनु स्वाभाविक मानिएला । तर, २०४६ सालको राजनीतिक परिवर्तनपछि त यो स्कुललाई जनताका छोराछोरी पढाउन जिल्ला-जिल्लामा पुऱ्याउन सकिन्थ्यो नि १ के हामीले बूढानीलकण्ठ स्कुललाई सबै जिल्लामा पुऱ्याउने सोच कहिल्यै राख्यौँ ? आगामी बजेट शिक्षाको क्षेत्रमा नयाँ डिपार्चर बन्न सकोस् ।

गत वर्षको तथ्यांकअनुसार एक वर्षमा मात्रै विदेशमा अध्ययनका लागि जाने विद्यार्थीको खर्च व्यवस्थापनका लागि ६७ अर्ब ७० करोड रूपैयाँ बाहिरिएको छ । हाम्रा छोराछोरी विदेशका जुन-जुन विश्वविद्यालयमा अध्ययनका लागि गएका छन् ती विश्वविद्यालयलाई नेपालमै ल्याउन सकिन्छ भनेर कहिल्यै सोच्यौँ ? कहिल्यै कोसिस गऱ्यौँ ?

बरू मेरो अनुभवमा यस्ता शैक्षिक संस्था नेपालमा नआउन् भनेर छेक्ने काम भने पक्कै भएको छ । बजेटमार्फत् हामीले विश्वका प्रख्यात शैक्षिक संस्थालाई नेपालमा स्वागत गर्ने नीति लिन सक्यौँ भने यो हाम्रो शिक्षा सुधारको कोशेढुंगा साबित हुनेछ ।

हामीले प्रत्येक पालिकामा १५ शय्याको अस्पताल बनाउने घोषणा गऱ्यौँ । बजेट पनि विनियोजन भयो । तर, त्यसमा पैसा खर्च नै हुन सकेको छैन । मेरो निर्वाचन क्षेत्र (नवलपरासी पश्चिम १) मा ३४ वटा वार्ड छन् । चारवटा पालिका छन् । कोही बिरामी पऱ्यो भने बुटवल जानुपर्छ ।

परासीमा पनि राम्रो अस्पताल छैन । राजमार्गको छेउमा भएको अस्पतालमा अपरेसन थिएटर छैन । अस्पताल भनेको भवनमात्रै होइन, त्यहाँ उपलब्ध हुने चिकित्सकको विशेषज्ञ सेवा, त्यसका लागि आवश्यक स्वास्थ्यकर्मीको इन्टिग्रेटेड टिम, अत्यावश्यक स्वास्थ्य उपकरणलगायतका सुविधा आवश्यक पर्छन् ।

मलाई लाग्छ, प्रत्येक पालिकामा १५ शय्याको अस्पताल बनाउनुको साटो तीन-चारवटा पालिका मिलेर सबैलाई पायक पर्ने स्थानमा एउटा सुविधासम्पन्न अस्पताल निर्माण गर्नुपर्छ, सबैको स्वामित्व हुने गरी । ती अस्पताललाई सबै किसिमका सुविधा हुने गरी 'मल्टी स्पेसालिटी' बनाउनुपर्छ । स्वास्थ्य क्षेत्रका यस्ता समस्याको समीक्षा गरी बजेटले मार्गनिर्देश गर्न सक्छ भन्ने मेरो मान्यता हो । कनिका छराइले समस्याको समाधान गर्दैन ।

संविधानले हरेक नागरिकलाई आवासको हक सुनिश्चित गरेको छ । प्रत्येक जिल्लाका विपन्नका लागि घरमा जस्तापाता छाउन सरकारले प्रतिपरिवार ७५ हजार रूपैयाँ दिने कार्यक्रम ल्यायो । त्यसका लागि १९ करोड रूपैयाँ विनियोजन भएको छ । तर, कसैले पनि ७५ हजार रूपैयाँ लिएर जस्तापाताले छाउन सकेनन् । किनभने उनीहरूका अहिलेका घरले

जस्तापाताको बोझ थाम्न नै सक्दैनन् । फुसको वा बाँसको भित्ता भएका घर छन् गरिब जनताका । त्यस्ता घरमा जस्तापाता कसरी टिक्छ ?

आवासका नाममा केन्द्र सरकार, प्रदेश सरकार र स्थानीय निकायले छुट्टाछुट्टै कार्यक्रम अगाडि सारेका छन् तर आवासविहीनले आवास पाउने अवस्था छैन । यस्तो पृष्ठभूमिमा स्थानीय तहले एकीकृत बस्ती विकासका लागि जग्गा व्यवस्थापन गर्ने, केन्द्र र प्रदेश सरकार र स्थानीय तहको समेत बजेटलाई इन्टीग्रेटेड गरी कार्यान्वयन गर्ने हो भने घरविहीन नागरिकले राम्रो आवास पाउन सक्छन् । यस्ता छरिएका कार्यक्रमलाई बजेटले एकीकृत मोडलमा लैजानुपर्छ ।

युवालाई स्वरोजगार बनाउने प्रयोजनका लागि स्टार्टअप र उद्यमशीलतालाई प्रवर्धन गर्न युवालाई तालिम दिने स्टार्टअप फन्ड (बीउ पुँजी) मार्फत वित्तीय स्रोत उपलब्ध गराउने कार्यक्रम डेढ दशकदेखिका बजेटमा परिरहेको छ । तर, हालसम्म कार्यान्वयन हुन सकेको छैन । युवा तथा खेलकुद मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय, उद्योग मन्त्रालय, योजना आयोगलगायतमा विभिन्न नाममा यस्ता कोष छन् । तर, कुनै पनि कामयाबी हुन सकेका छैन ।

ती सबै कोषलाई एकत्रित गरी युवालाई सही तालिम तथा प्रशिक्षण प्रदान गर्ने तथा वित्तीय पहुँचमा जोड्ने काममा लगाउन सकिन्छ । यो प्रयोजनका लागि स्थानीय निकाय र बैंक तथा वित्तीय संस्थाका ५ हजारभन्दा बढी शाखालाई त्यो प्रशिक्षण तथा बिनाधितो ऋणको समुचित प्रयोग गर्ने एकीकृत थलोका रूपमा विकास गर्नुपर्छ ।

किसानलाई अनुदानमा मल वितरण गर्न राज्यले बर्सेनि अर्बौं रूपैयाँ खर्च गर्छ । तर, किसानले समयमा र सहजै रासायनिक मल पाउन सकेका छैनन् । यसले किसानलाई अथाह पीडा दिने गरेको छ । यसले कृषिको उत्पादकत्वमा ठूलो प्रभावसमेत गरेको छ। भारतमा प्रतिबोरा ८ सय रूपैयाँमा मल पाइन्छ तर नेपालमा अनुदानको मल सधैँ अभाव हुन्छ ।

किसान त्यही मल प्रतिबोरा २५ सय रूपैयाँमा किन्न बाध्य छन् । रासायनिक मल वितरणका लागि पेट्रोलियम पदार्थमा जस्तै जी टु जी वेसिसमा नेपालको कुल माग धान्ने गरी ७ लाख टन मल स्थायी र भरपर्दो रुपमा आपूर्तिको व्यवस्था गर्नुपर्छ । यो समस्याको स्थायी समाधानका लागि हामीले भारत वा बंगलादेशबाट ग्यास पाइपलाइन ल्याएर रासायनिक मल कारखाना खोल्न सक्छौं । तर, यससम्बन्धी प्रस्ताव विभिन्न सरकारी निकायमा थन्केर बसेको छ ।

मुलुकको आर्थिक, राजनीतिक र सामाजिक विकासको अवधारणा तयार गर्न, देशको दीर्घकालीन विकास रणनीति तय गर्न र सरकारलाई मार्गदर्शन गर्न देशमा अनुसन्धान गर्ने ‘ थिंक टयाङ्क अर्गनाइजेसन’हरूको भूमिका महत्वपूर्ण हुन्छ ।

म सम्झिन्छु, यसका लागि रिचर्स सेन्टर फर एप्लाइड साइन्स एन्ड टेक्नोलोजी (रिकास्ट), सेन्टर फर नेपाल एन्ड एसियन स्टडिज (सिनास), सेन्टर फर इकोनोमिक डेभलपमेन्ट एन्ड एडमिनिस्ट्रेसन (सेडा) नेपाल एकेडेमी अफ साइन्स एन्ड टेक्नोलोजी (नास्ट) जस्ता थिंक टयांक अर्गनाइजेसन स्थापना भएका थिए ।

यी अर्गनाइजेसनले अहिले के काम गरिरहेका छन् धेरैलाई थाहा छैन । ती संस्थालाई न सुदृढ बनाउन सकियो न वैकल्पिक संस्था नै खोल्न सकियो । मुलुकको आर्थिक विकासका लागि अनुसन्धानका काममा थप लगानी र पहल हुन अत्यन्तै जरुरी छ । आगामी आर्थिक वर्षको बजेट नयाँ सोचलाई आत्मसात् गर्ने बजेटका रुपमा आउनेछ भन्ने मेरो विश्वास छ ।

अनुसूची २

नेपाल विजनेश समिट- २०२३ मा "कि नोट स्पिकर"का रुपमा दिएको मन्तव्य

आज म आफ्नो मन्तव्यलाई देशको विद्यमान आर्थिक चुनौती, चुनौतीको सामना गर्न लिइनुपर्ने रणनीति, चुनौतीकाबीच रहेका अवसर र आर्थिक विकासका लागि चालिनुपर्ने कदमहरूका बारेमा केन्द्रित गर्नेछु ।

हामी इतिहासमै कमजोर आर्थिक वृद्धिदरकाबीच उभिएका छौं । राष्ट्रिय तथ्यांक कार्यालयको प्रतिवेदनले चालू आर्थिक बर्षमा नेपालको आर्थिक वृद्धिदर १.८६ प्रतिशतमात्रै हासिल हुने जनाएको छ । यो वृद्धिदर नेपाल सरकारले अपेक्षा गरेभन्दा ४ गुणा कम हो । यो बर्ष ८ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने प्रतिवद्धता सरकारले जनाएको थियो । एशियाली विकास बैंक र विश्व बैंकले पनि करिब ४ प्रतिशतको हाराहारीमा आर्थिक बृद्धिदर हासिल हुनेछ भनेर गरेको प्रक्षेपणका वावजुद निराश नतिजा प्राप्त भएको छ ।

यो नतिजासँगै नेपाल आर्थिक मन्दीमा फसेको पनि लगभग निश्चित भएको छ । दुई त्रैमासमा आर्थिक वृद्धिदर ऋणात्मक रहनु भनेको आर्थिक मन्दीमा जानु हो भनेर बुझ्नुपर्ने अन्तर्राष्ट्रिय मान्यता छ । गत आर्थिक बर्षको अन्तिम त्रैमासदेखि नैलगातार तीन त्रैमासमा आर्थिक वृद्धिदर ऋणात्मक रहेका रिपोर्ट पनि सार्वजनिक भएका छन् । यसले हामी साँच्चिकै आर्थिक समस्यामा छौं भनेर सबैलाई झक्झकाएको छ ।

बजेटले लिएको लक्ष्यको तुलनामा राजश्व संकलन अत्यन्तै न्यून छ । आर्थिक बर्षका करिव साढे १० महिनामा बार्षिक लक्ष्यको तुलनामा करिब ५१ प्रतिशतमात्रै राजश्व संकलन भएको छ । बार्षिक १४ खर्ब रुपैयाँ राजश्व संकलनको लक्ष्यमा बैशाख २० गते सम्ममा ७१६ अर्ब रुपैयाँ मात्र प्राप्त भएको छ । बाँकी अवधीमा लक्ष्यभन्दा निकै कम मात्रै राजश्व संकलन हुने सरकारले स्विकार गरिसकेको अवस्था छ । विगत ५५ बर्षको इतिहासमा आर्थिक बृद्धिदर ऋणात्मक भएको अवस्थामा समेत गत आर्थिक बर्षको तुलनामा राजश्व ऋणात्मक भएको थिएन । तर, चालू आर्थिक बर्षमा आर्थिक वृद्धिदर ऋणात्मक नै नभए पनि राजश्व संकलन

ऋणात्मक हुने निश्चित देखिएकोछ ।

कृषि, सेवा क्षेत्र र उत्पादनमूलक क्षेत्रको वृद्धिदर नकारात्मक छ । अर्थतन्त्रका हाम्रा पिल्लरहरूमा राम्रै समस्या देखिएको छ । उत्पादनमूलक उद्योगहरूमा २० देखि ८० प्रतिशतसम्म उत्पादन ह्रास आएको छ जसलाई सरकारी रिपोर्टले पुष्टि गर्दै गएका छन् । निजी क्षेत्र हतोत्साहित छ । बजारमा मन्दीका लक्षणहरू पर्याप्त छन् । विभिन्न रिपोर्टहरूले ३५ प्रतिशतसम्म उद्योगहरू विस्थापित भएको देखाएका छन् । र, मुख्य व्यापारिक केन्द्रहरूका सटर खुल्न छाडेका छन् ।

हाम्रो अर्थतन्त्रमा रहेका समस्याको सूचि पक्कैपनि लामो छ, जसलाई तथ्यांकले प्रमाणित गर्दै लगेका छन् । हामीले नेपाली अर्थतन्त्रको कालो बादलमा चाँदीका घेराहरू खोज्नु परेको छ ता की तिनै चाँदीका घेराहरू पछ्याउँदै अर्थतन्त्रलाई सहि बाटोमा फर्काउन सकियोस् ।

निर्यातमुखि जलविद्युत् परियोजना

जलस्रोतका विभिन्न निर्यातमुखि परियोजनाहरूमा भएका सम्झौता, पिडिएहरू सकारात्मक छन् । पाइपलाईनमा रहेका/बन्दै गरेका यी परियोजनाहरूमा लिइएका पहल सकारात्मक छन् । नेपाल विद्युत् आयात गर्ने देशबाट निर्यात गर्ने देशमा परिणत भएकोमा सेलेब्रेट गर्दै हामीले निर्यातलाई उच्चतम विन्दूमा पुर्याउन सक्नुपर्छ । भारतले १२५०० मेगावाट बिजुली आयात गर्न चाहेको पृष्ठभुमिमा त्यो अवसरलाई हामीले गुमाएनौं भने राम्रो हुनेछ । देशभित्र हाल पाईपलाईनमा रहेका ११३९२ मेगावाटका जलविद्युत् परियोजनामध्ये १५०० मेगावाटको मात्र पिपिए खुला गरिएकोमा सम्भावित परियोजनाहरु सबैको पिपिए खुला गरि लगानीको वातावरण तयार गर्न सकिन्छ । सयमसिमाभित्र रहि जलस्रोतको उपयोग गर्न सकियो भने यो क्षेत्र हाम्रो अर्थतन्त्रमा चाँदीको घेरा सावित हुनेछ ।

रेमिट्यान्सको उत्पादनमुखि क्षेत्रमा लगानी

हाम्रो आन्तरिक समस्याकाबीच रेमिट्यान्स आप्रवाहमा आएको सुधारले हामीलाई राहत दिएको छ । चालू आर्थिक बर्षको ८ महिनामा रेमिट्यान्स आप्रवाहमा २५ प्रतिशतभन्दा बढीले बृद्धि भएको छ । यसरी प्राप्त रेमिट्यान्सलाई हामीले उत्पादनशिल क्षेत्रमा लगानी गर्ने वातावरण बनाउन सक्नुपर्छ, जसले हाम्रो अर्थतन्त्रमा दिगो योगदान पुग्नेछ । मलेसिया र खाडीमा बसेर देशका लागि योगदान गर्ने युवाहरूलाई देशमा फर्किंदा उद्यमशिल बनाउनुपर्छ भन्ने सोचलाई व्यवहारमा उतार्नुपर्छ ।

अन्तर्राष्ट्रिय विमानस्थलको उपयोगः हामीले पोखरा र भैरहवामा नयाँ अन्तर्राष्ट्रिय विमानस्थल त निर्माण गर्यौं । तर, यी विमानस्थल बनाईरहदा यिनको उपयोग कसरी गर्ने भनेर योजना बनाउन सकेनौं । फलतः अहिले यी दुबै एयरपोर्ट रित्तै बसेका छन् । यहि अवस्थामा

बसिरहने वा हाम्रा एयरपोर्टहरुलाई गुल्जार बनाउने ? एयरपोर्टहरुलाई गुल्जार बनाउन एयरपोर्ट व्यवस्थापनमा अन्तर्राष्ट्रियस्तरमा उत्कृष्ट अनुभव बोकेका सस्थाहरूलाई संलग्न गराउनुपर्छ । अन्तर्राष्ट्रिय विमानस्थलमा हाम्रो क्षमता करिब तेब्बरले बढेको छ । तर, टुरिष्ट आगमन भने सन् २०१९ जति पनि पुग्न सकेको छैन । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ७ वटा वे बाट अहिले १३ वटामा विस्तार भएको छ । पोखरा र भैरहवा विमानस्थलमा त्यतिकै क्षमता छ । तर, एयरलाइन्सको आगमन भने बढाउन सकिएको छैन, जसकारण पर्यटक आगमनमा शिथिलता कायमै छ । हामीले पहिलो चरणमा ३५ लाख हुँदै आगामी ५ वर्षभित्र बार्षिक ५० लाख पर्यटक नेपाल भित्रयाउन सक्ने गरी काम अगाडि बढाउन आवश्यक छ ।

छिमेकमा रहेको अवसर

हाम्रा दुई छिमेकी राष्ट्रहरू चीन र भारत विश्वका शक्तिशाली अर्थतन्त्र बनिरहेका छन् । यी विश्वकै लागि ठूला बजार हुन् भने नेपालका लागि नहुने त कुरै रहेन । तर, यी विशाल बजारमा हामीले के गर्न सक्छौं भन्ने सोच भने हामीसँग हुनुपर्छ । यी 'फयाक्ट्री अफ दि वर्ल्ड' सँग हाम्रा औद्योगिक उत्पादनले प्रतिस्पर्धा गर्न गाह्रो छ भन्ने हामीले बुझ्नुपर्छ । त्यसैले हाम्रो फोकस वस्तुको सट्टा पर्यटन, पावर ट्रेड, हाइभ्यालु मेडिसनल हर्ब्स, सिमेन्ट लगायत मिनरल्समा हुनुपर्छ । यस दिशामा काम गर्न सक्यौं भने यी विशाल बजारलाई हामीले उपयोग गर्न सक्छौं ।

पाईपलाइनमा रहेका मेगा प्रोजेक्टलाई अगाडि बढाऔं

मलाई थाहा छ, केही यस्ता मेगा प्रोजेक्टहरू पाईपलाईनमा रहेका छन्, जसलाई हामीले यथाशक्य स्विकृती दिएर अगाडि बढाउन सक्छौं । जस्तो कर्णाली वेसिन, ग्यास पाईपलाईन, रासायनिक मल, क्रिप्टो, पूर्व-पश्चिम रेलमार्ग, निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, विभिन्न हाईवेहरु, टनेल्स लगायतका परियोजनाहरू ।

म सेकेण्ड जेनेरेशनको आर्थिक सुधारका लागि प्रतिवद्ध रहन सरकारको ध्यानाकर्षण गराउँछु । आर्थिक सुधारलाई समयमै अगाडि बढाउन नसक्दाको परिणाम अहिले हामीले भोगिरहेका छौं । २०४८ सालको आर्थिक सुधारले नेपाली अर्थतन्त्रलाई अहिलेसम्म थेग्न सम्भव भयो । तर, अब पनि हामी यथास्थितीमै रह्यौं भने संकटमा पर्ने संकेतहरु हामीले पाइसक्यौं । ढिलै भए पनि २०७२ सालमा नयाँ संविधान जारी भएपछिको हाम्रो पहिलो काम आर्थिक सुधारमा केन्द्रित हुनुपर्थ्यो यसमा भने हामी गम्भीर रूपमै चुकेका छौं । त्यसैले सेकेण्ड जेनेरेशनको आर्थिक सुधारलाई जेठ १५ मा आउने आगामी आर्थिक बर्षको बजेटसँगै अगाडि बढाइनुपर्छ । अब पनि जहाँ चुहिन थाल्यो त्यहि टालेर मात्रै अर्थतन्त्रलाई सम्हाल्न सकिने छैन यसका लागि नयाँ छाना नै हाल्नुपर्छ ।

म यहिँनिर भारतको नरेन्द्र मोदी सरकारले अगाडि बढाएको 'मेक इन इण्डिया', 'नीति आयोग'बाट संचालिन विकासको नयाँ यात्राबाट भारतीय अर्थतन्त्रमा आएका सकारात्मक परिणामहरूको समिक्षा गर्न आग्रह गर्दछु । हामीले नितिन गड्करीले पूर्वाधार विकासमा ल्याएको नतिजा र सुरेश प्रभुले भारतीय रेल्वेमा गरेको सुधारबाट पनि सुधारका पक्षमा धेरै शिक्षा लिन सक्नेछौं ।

ठूलो उपलब्धी हासिल गर्न हाम्रो सोच पनि त्यतिकै विशाल हुनुपर्छ । सानो सोचले ठूलो उपलब्धी हासिल गर्न सम्भव छैन । सोच त्यतिकै प्रष्ट हुनुपर्छ- हामी कहाँ पुग्नेछौं भनेर । यस्तो सोच कार्यान्वयन गर्न राजनीतिले बलियो साथ दिनुपर्छ । अझ भनौं राजनीतिक दृष्टिकोण आर्थिक विकासको यस्तै सोचबाट लिपिवद्ध हुन सक्नुपर्छ । र, आम नागरिकले यसमा अपनत्व महशुस गर्दै सँगसँगै अगाडि बढ्न सक्नुपर्छ ।

आर्थिक विकासका सोच सही ढंगले अगाडि बढाउन र कार्यान्वयन गर्न मिडिया र विशेषगरी सोसल मिडियाको पनि सकारात्मक समर्थन आवश्यक छ । केही गर्न खोज्नेलाई सार्वजनिकरुपमा हौसला प्राप्त हुँदा नतिजामा ब्यापक फरक परेका उदाहरण हामीसँग छन् ।

अझ भनौं आर्थिक विकासको वृहत् पहलका लागि सोसल मिडियामार्फत् राजनीतिको ध्यानाकर्षण गर्न सकिन्छ र यसको सही व्यवस्थापनमा साथ पनि दिनुपर्छ । अहिले राजनीतिमा 'नयाँ' र 'पुराना' पार्टीका नाममा विश्लेषणहरू भइरहेका छन् । मलाई लाग्छ, मानिसको रगत 'पुरानो' वा 'नयाँ' भन्ने हुँदैन यसको त क्षमता र नियत के छ भनेर हेर्नँपर्ने हुन्छ । हो, राजनीतिक पार्टीहरूले आफ्ना पार्टीभित्रका क्षमतावानहरूलाई चिन्न सक्नुपर्छ र उनीहरूलाई देश चलाउने जिम्मेवारी दिन सक्नुपर्छ ।

अहिले प्रोपोगाण्डाहरू राजनीतिका अनुहार बनिरहेका छन् । यो फेरि पनि एकैछिनमा फुट्ने पानीको फोका मात्रै हो । देश र जनताको पक्षमा प्राप्त नहुने नतिजा प्रोपोगाण्डा सिवाय केही होइन । यसबाट एकैछिन आम नागरिकको मन उद्वेलित गर्न त काम लाग्ला तर सही नतिजा हात नलाग्दासम्म दिगो राजनीतिको गन्तब्य तय गर्न सम्भव हुनेछैन ।

देशमा आर्थिक विकासको अभियान चलाउन स्पष्ट सोच, सोचलाई योजनावद्ध गर्न सक्ने क्षमता, योजना कार्यान्वयन गर्ने इमान्दार प्रतिवद्धता र त्यसका लागि संगठन निर्माण निकै महत्वपूर्ण पक्ष हुन् । प्रोपोगाण्डामा यी केही पनि हुँदैनन् । एउटा विषयलाई उछाल्न 'साइबर सेना' काफी होलान् । तर, त्यसलाई कार्यान्वयनमा लगेर परिणाम दिने कुरा विल्कुल फरक हो भन्ने हामीले बुझ्नुपर्छ ।

नेपाल एउटा 'रफ अनकट डायमण्ड' हो । जसमाथि हामी बसेका छौं । यो डायमण्डलाई कसरी पोलिस गर्नुपर्छ भन्ने कुरा हामीले जान्नुपरेको छ । हामीले हेर्दाहेर्दै दुवई लगायतका देशले आफुलाई मरूभुमिबाट हिरामा परिणत गरेका छन् । तर, हामी भने आफ्नै नाभीको

कस्तुरी थाहा नपाएर भौतारिइरहेका छौं ।

देशभित्र र बाहिर पनि नेपाललाई माया गर्ने उद्यमशिल व्यक्तिहरूको अभाव छैन । तर, उनीहरुलाई नेपालमा आएर काम गर्ने स्वतन्त्रता दिन सक्नुपर्छ ता की नेपालमा लगानी गरिरहँदा आनन्दीत महशुस गरून् । नेपालको विकासका लागि लगानी गर्नेहरूलाई हामीले सम्मान गर्ने संस्कार विकास गर्नु परेको छ । तर, हाम्रो मानसिकता हरेक दृष्टिकोणबाट लगानीकर्तालाई हतोत्साहित गर्ने, उनीहरूको सफलतामा आफूले के पाउने भन्ने 'रेन्ट सिकिङ'भन्दा माथि उठ्न सकेको छैन ।

नेपालले आर्थिक विकासको द्रुत अभियान अहिले नै शुरु गर्नुपर्छ किनकी हामीसँग यो अभियानका सारथी युवाहरूको वृहत् पंक्ति साथमा छ । तर, १०/१५ बर्षपछि हामीले युवाहरूको यो जोश खोजेर पाउने छैनौं ।

नेपालका युवा विश्वका कुनै पनि देशका युवाभन्दा कम छैनन् । शिक्षा, अंग्रेजी भाषामाथिको पकड, विश्वका मामिलासँगको इंगेजमेन्ट, आईटीको नलेज र केही गरेर देखाऔं भन्ने सपनाले परिपूर्ण छन् ।

समस्या छ त उनीहरूलाई अवसर दिन नसक्ने राजनीतिको क्षमतामा छ । स्टार्ट-अप, भेन्चर क्यापिटल, इन्क्युवेसन, बिपिओजस्ता अवसरसँग हामीले युवाहरूलाई जोड्न सकेका छैनौं । मलाई थाहा छ, हाम्रा युवाहरु आज विश्वभर फैलिएका कम्पनीहरुमा रहेर स्मार्ट सेवा दिइरहेका छन् । नेपालमा घरमै बसेर पनि उनीहरु विश्वस्तरको कम्पनीसँग जोडिएका छन् । यस्ता युवालाई हामीले स्टार्ट-अप र उनीहरूका श्रृजनशिल सोचहरुमा लगानी गर्ने इको सिस्टम तयार गर्न सकेनौं । तर, अर्कोतर्फ न्युनतम रोजगारी उपलब्ध गराउने नाममा आफ्ना कार्यकर्तालाई लाभ पुग्ने गरी पैसा बाँड्ने प्रणालीलाई पनि हामीले प्रोत्साहित गरेकै छौं । शिक्षा, स्वास्थ्य र रोजगारी हाम्रा निकै संवेदनशिल बिषय हुन् । यी क्षेत्रमा विद्यमान समस्याहरूप्रति हामी क्षेत्रगत रुपमै विश्लेषण गरेर सुधारमा जानुपर्छ ।

देशका विश्वविद्यालय खाली हुने गरी हाम्रा छोराछोरी अध्ययनका लागि किन विदेश गइरहेका छन्भन्ने प्रश्नकोजवाफ हामीले खोज्न सक्नुपर्छ । के हाम्रो शिक्षाको स्तरलाई यहि स्तरमा कायमै राखेर हाम्रा छोराछोरीलाई विदेश नजाउ भन्न सकिने अवस्था छ ? यदि छैन भने विश्वस्तरीय शिक्षालाई देशभित्रै कसरी निश्चित गर्न सकिन्छ ? भनेर गम्भिर गृहकार्यमा बस्नुपर्छ ।

अन्त्यमा, हामी पक्कै पनि समस्यामा छौं । तर, हामीले ती समस्यामाथि विजय हासिल गर्न सक्नेछौं भन्ने आत्मविश्वासका साथ काम गर्न म सबैमा आह्वान गर्न चाहान्छु ।

अनुसूची ३

माननीय विनोद चौधरीले आर्थिक विधेयकमाथिको छलफलमा भाग लिँदै व्यक्त गरेको विचार

अर्थमन्त्री डा. प्रकाशशरण महतले संसदमा प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८०/८१ को बजेटका आफ्नै सीमाहरू छन् । बजेटले संयुक्त सरकारमा सहभागी राजनीतिक दलका दृष्टिकोणहरूलाई प्रतिनिधित्व गरेको छ ।

सत्ता सहकार्यमा रहेका दलहरूका 'पोलिटिकल फिलोसोफी'हरू फरक फरक छन् । त्यसैले यो बजेट नेपाली कांग्रेसको एक्लो सोंचबाट मात्रै निर्देशित होइन भनेर हामीले बुझ्नुपर्छ । तर, पनि बजेटले नेपाली कांग्रेसले अंगालेको आर्थिक उदारीकरणको नीति र निजी क्षेत्रलाई थप अगाडि बढाउने प्रयास गरेको छ ।

साधारण खर्च घटाउन अर्थमन्त्रीले गर्नु भएको प्रयास सकारात्मक छ । १७ खर्ब ५१ अर्ब रुपैयाँको बजेट आकारका हिसाबले ठूलो नभएता पनि चालू बर्षको आम्दानी र खर्चको अवस्था हेर्दा चुनौतीपूर्ण देखिन्छ ।

पुँजीगत खर्चलाई प्रभावकारी बनाउन बजेटले केही नयाँ सोच र दृष्टिकोणसहित वर्किङ मोडालिटी अगाडि सारेको छ, जसलाई सकारात्मक संकेतका रुपमा लिनुपर्छ ।

'उत्पादन साथमा, अनुदान हातमा', 'एक स्वास्थ्य सस्था, एक चिकित्सक', 'अबको जीवन स्वदेशमा नै', नेपाल घुमौं, नेपाल चिनौं' सिंचाइमा लगानी, खेतवारीमा पानी' जस्ता नाराहरूले बजेटको दृष्टिकोणलाई प्रष्टसँग औल्याएको छ । तर, यसलाई कार्यरुपमा कसरी उतार्ने हो भन्ने प्रश्नको सेरोफेरोमा हामीसँग विगतको नमिठो अनुभव छ ।

यस क्षणमा म हाम्रा किसानहरूको अनुहार झल्झली संझिरहेको छु । मेरो निर्वाचन क्षेत्र नवलपरासीमा जब म किसानको बीचमा पुग्छु- उहाँहरूको भावले भनिरहेको हुन्छ, खेतीको सीजन शुरू भयो, कम्तिमा रासायनिक मलको व्यवस्था होस् ।

खेतीपाती लगाउने यस सिजनमा हाम्रा किसानहरू मलका लागि तड्पिरहनु भएको छ। यस गरिमामय संसदमार्फत् हामीले पटक-पटक सरकारको ध्यानाकर्षण गराईरहेका छौं-

किसानको माग अनुसार मल आपूर्तिको व्यवस्था मिलाऔँ । तर, अहिले पनि किसानको आवश्यकताको २५ प्रतिशतमात्रै रासायनिक मल उपलब्ध गराउन सक्ने अवस्था छ ।

बजेटमा 'हरित अर्थतन्त्र, दिगो विकासको मन्त्र' भन्ने नारा त दियौँ तर त्यो नारा सफल पार्ने जिम्मेवारीमा रहेका किसानलाई कहिल्यै मलसम्म दिन सकेनौँ । जब धान रोप्ने बेला शुरू हुन्छ सरकार रासायनिक मलको खोजीमा हतारिइरहेको अवस्था देखिन्छ ।

यस्तो प्रवृत्तिलाई कायमै राखेर हामीले हाम्रा किसानको अनुहारमा अलिकति पनि खुसी भर्न सक्नेछैनौँ । रासायनिक मल र सिंचाईको अभाव, महँगो ज्यालाका कारण हाम्रो उत्पादन छिमेकी मुलुकको उत्पादनसँग प्रतिस्पर्धा गर्न नसक्ने अवस्था पुगेको छ ।

रासायनिक मल वितरणका लागि पेट्रोलियम पदार्थमा जस्तै जिटुजी आधारमा नेपालको कुल माग धान्ने गरी स्थायी र भरपर्दो रुपमा आपूर्तिको व्यवस्था किन गर्न सकिदैन ? यो समस्याको स्थायी समाधानका लागि हामीले भारत वा बंगलादेशबाट ग्यास पाइप लाइन ल्याएर रासायनिक मल कारखाना खोल्न सक्छौं । यस सम्बन्धी प्रस्ताव विभिन्न सरकारी निकायमा थन्केर बसेको छ।

बजेटले आर्थिक सुधारलाई पछ्याउने कोशिस गरेको छ । बजेटको बुँदा नम्बर ५३ देखि ५८ सम्म ६ वटा बुँदामा आर्थिक सुधारको सोंच एवं केही प्रतिवद्धताहरू आएका छन् ।

बजेटले आर्थिक सुधारको पक्षमा मुख्यरुपमा अर्थतन्त्रको संरचनागत रूपान्तरण गर्न आर्थिक सुधार कार्यक्रम अगाडि बढाइने एवं यो सुधार मूलतः व्यवसायको लागत घटाई अर्थतन्त्रमा प्रतिस्पर्धात्मक क्षमताको विकास, कार्यकुशलता अभिवृद्धि, संस्थागत सुदृढीकरण, स्वदेशी र विदेशी लगानीमा बृद्धि, हरित अर्थतन्त्रको विकास, सूचना प्रविधि तथा नवप्रवर्तन, चौथो पुस्ताको औद्योगिकीकरण तथा डिजिटल अर्थतन्त्र प्रवर्धनमा केन्द्रित हुने र निजी क्षेत्रलाई आर्थिक विकासको संवाहक बनाउनेतर्फ सुधार निर्देशित हुने भनिएको छ ।

तर, पनि आर्थिक सुधारबाट देशले प्राप्त गर्ने राम्रो नतिजामा पुग्नका लागि यो बजेटले नयाँ दिशा, नयाँ गन्तब्य लिन सक्नुपर्थ्यो भन्ने मेरो मान्यता हो । पूर्वबजेट छलफलका क्रममा मैले यस गरिमामय संसदमा आगामी आर्थिक बर्षको बजेट आर्थिक सुधारको डकुमेन्ट बन्नुपर्छ भनेर जोड दिएको थिएँ ।

अर्थतन्त्र खुम्चिँदै गएको र त्यसको असर राजश्व संकलन र विकास कार्यक्रममा परेको पृष्ठभुमिमा बजेटको पहिलो प्रयास आर्थिक गतिविधिहरूलाई बृहतरुपमा विस्तार (इकोनोमिक एक्सपान्सन) तर्फ हुनुपर्थ्यो ।

मलाई लाग्छ- अर्थमन्त्रीको राजश्व बढी उठाउने प्रयासले यो उदेश्यलाई पछाडि धकेल्न सक्छ । करको दायरा बढाउनेतर्फ बजेट केन्द्रित हुनेक्रममा पहिलेदेखि नै संघर्ष गरिरहेका उद्योग, ब्यापार, पर्यटन क्षेत्रमा घुमाउरो शिर्षक अन्तर्गत थपिएका करहरुले अर्थतन्त्रको

विस्तारमा सहयोग पुर्याउँदैनन्।

निजी क्षेत्रको मनोवल उच्च बनाएर मात्रै अर्थतन्त्रको विस्तार हुन सक्छ तर अहिले निजी क्षेत्र उत्साहित देखिएको छैन । अर्थतन्त्रको बृहत्तर विस्तारबाट नै राजश्वको आकारलाई पनि बढाउन सकिन्छ ।

नेपाल यसै पनि दक्षिण एशियामा सबैभन्दा उच्च कर (जीडीपीको २४ प्रतिशत) भएको मुलुक हो । यस पृष्ठभुमिमा उद्योग व्यवसायमा थप कर बृद्धि गर्दै जानु भनेको हाम्रा उत्पादनलाई प्रतिस्पर्धाबिहिन अवस्थातर्फ धकेल्नु पनि हो ।

हाम्रो अर्थतन्त्रमा निम्नअनुसार प्याराडाईम सिफ्ट हुनुपर्छ भन्ने मेरो मान्यता छ ।

-स्टेटवेस्ड इकोनोमी टु कर्पोरेटवेस्ड इकोनोमी ।

-ट्रेडवेस्ड इकोनोमी टु इन्डस्ट्रीवेस्ड इकोनोमी ।

-डोमेस्टिक इकोनोमी टु ग्लोबल इकोनोमी ।

-इम्प्लोयमेन्टवेस्ड इकोनोमी टु सेल्फ इम्प्लोयमेन्टवेस्ड इकोनोमी ।

-इन्फरमल इकोनोमी टु फर्मल इकोनोमी ।

देश आर्थिक विकासको द्रुत गतिको प्रतिक्षामा छ । आजको दिनमा आम नेपाली नागरिक कुनै कारणले राजनीतिप्रति बेखुसी छन् भने त्यो आर्थिक विकास नभएकै कारणले हो ।

मेरो स्पष्ट मान्यता छ- आजको समयमा हाम्रो राजनीति, अर्थनीति र कुटनीतिको पहिलो लक्ष्य आर्थिक विकास नै हुनुपर्छ । आर्थिक विकास र नागरिकको जीवनस्तर परिवर्तनसँग जोडिन नसकेको राजनीति जनताबाट टाढा बन्दै जानेछ । त्यसैले राजनीतिको केन्द्रभागमा आर्थिक विकास र आम नागरिकको जीवनसँग जोडिएका एजेण्डाहरू रहनु पर्दछ । बजेटले आम नेपाली नागरिकलाई यो सन्देश दिने र सोही अनुसार विकास बजेटको दिशा तय हुनुपर्थ्यो । मैले भन्दै आएको छु- बजेटको संरचनागत परिवर्तन हुनुपर्छ । विकास बजेटको अंश सबैभन्दा धेरै हुनुपर्छ र चालू खर्च निर्ममरुपमा कटौती गरिनुपर्छ ।

बजेटको बुँदा नम्बर १९ मा माननीय अर्थमन्त्रीले उल्लेख गर्नु भएको छ- साधारण खर्चमा बृद्धि हुदै गएको छ । तलब, भत्ता सामाजिक सुरक्षा, वित्तीय हस्तान्तरण, प्रशासनिक खर्च लगायतको साधारण खर्च तथा बढ्दो ऋण भुक्तानी दायित्व व्यवस्थापन गर्न करिब १२ खर्ब ८० अर्ब २५ करोड रुपैयाँ विनियोजन गर्नु परेको छ। यो रकम कुल बजेटको ७३. १० प्रतिशत हुन आउँछ ।

कुल बजेटको ठूलो हिस्सा यसरी छुट्टयाउनु पर्दा विकास कार्यका लागि स्रोत व्यवस्थापनमा चाप परेको छ । आगामी बर्षको बजेटमा चालू खर्चको अंश ६५.२० प्रतिशत र पुँजीगत बजेटको अंश १७.२५ प्रतिशत छ ।

अर्थात् हामी १७ रुपैयाँको विकास गर्नका लागि ६५ रुपैयाँ खर्च गर्ने तयारीमा छौं ।

यो भनेको सरासर देश आर्थिक विकासको द्रुत गतिमा अगाडि बढ्न सक्दैन भन्ने कुराको आत्मस्विकारोक्ती हो भन्ने मान्छु म । यो अवस्था अहिले आएको होइन, धेरै बर्षदेखि बाटो बिराएको हाम्रो राजनीति, अर्थनीति र कुटनीतिको उपज भने पक्कै पनि हो ।

यसलाई परिवर्तनको दिशामा हिडाउनु परेको छ । अहिले त हाम्रो अवस्था कस्तो भयो भने देशले बार्षिकरुपमा भुक्तानी गर्नुपर्ने ऋणको साँवा ब्याजभन्दा हाम्रो विकास बजेटको अंश सानो हुन थाल्यो । यस बजेटमा साँवा ब्याज भुक्तानीका लागि (वित्तिय व्यवस्थातर्फ) १७.५५ प्रतिशत र विकास कार्यक्रमका लागि (पुँजीगततर्फ) १७.२५ प्रतिशत बजेट विनियोजन भएको छ । यो हाम्रो अर्थतन्त्रका लागि अर्को गम्भिर सूचक हो भन्ने हामीले बुझ्नुपर्छ । आगामी बर्षहरूमा यो झनै फराकिलो भएर जानेछ ।

हामीले देशको समग्र अर्थतन्त्रको ट्रान्सफरमेसनका लागि अत्यन्तै फराकिलो सोंच लिन सक्नुपर्छ । हामी स्पष्ट हुनुपर्छ- अर्थतन्त्रलाई अर्को तहमा (नेक्स्ट लेभल)मा पुर्याउन हामीसँग दुईवटा विकल्प छन् ।

पहिलो, जलविद्युत्को निर्यात । र, दोस्रो, पर्यटन प्रवर्धन ।

भारतका सम्माननीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालबाट भारतले १० बर्षमा १० हजार मेगावाट विद्युत् खरिद गर्न चाहेको सार्वजनिक घोषणा गर्नु भएको छ । अब हामीले सोच्नुपर्छ- के हामी १० बर्षमा भारतलाई १० हजार मेगावाट विद्युत् बेच्न सक्ने हैसियतमा पुग्नेछौं ? त्यसका लागि अहिले हामी कुन कुन परियोजनामा काम गर्दैछौं ? यो दुनियाँमा उत्पादनहरूले बजार खोजिरहेका हुन्छन् तर हामीसँग यस्तो चिज छ जसलाई बजारले खोजिरहेको छ तर हामीले दिन सकिरहेका छैनौं ।

बजेटको बुँदा नम्बर ३५८ मा लेखिएको छ- रणनीतिक महत्व रहेको पश्चिम सेती जलविद्युत् परियोजना, सेती रिभर ६, तल्लो अरूण लगायतका जलविद्युत् आयोजनाको परियोजना विकास सम्झौता गरी निर्माण कार्य अघि बढाईनेछ ।

प्रधानमन्त्रीको भारत भ्रमणकै अवसरमा तल्लो अरूण आयोजना सतलजले र फुकोट कर्णाली जलविद्युत् आयोजना एनएचपिसी समेतको लगानीमा निर्माण गर्ने विषयमा सम्झौता भएको छ ।

यसैगरी हामीले कर्णाली बेसिनका परियोजनाहरू, बुढीगण्डकी, दूधकोशी, माथिल्लो अरूण, चैनपुर सेती लगायतका परियोजनाहरुको लगानी मोडल तयार गरि कार्यान्वयनमा जाने वातावरण बनाउनुपर्छ। हामीले विद्युत् उत्पादनसँगै प्रशारण लाईन विकासमा पनि समानान्तररुपमा काम गर्नुपर्छ । मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसि) लाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनुपर्छ ।

अहिले हाम्रो अवस्था कस्तो छ भने एउटा जलविद्युत् परियोजनाका लागि ३५ सरकारी

निकाय, २६ विभाग र ७ वटा मन्त्रालयहरूबाट लगानी स्विकृतीको चक्र पूरा गर्नुपर्छ । यस पृष्ठभुमिमा लगानी बोर्डको औचित्यमाथि प्रश्न उठ्छ- के हामीले यही नियती व्यहोर्नका लागि लगानी बोर्डको स्थापना गरेका थियौं ? लगानी बोर्डजस्ता संस्थाले लगानीकर्ता र सरकारबीच सेतु बन्ने, लगानीका लागि मार्केटिङ टुलको रूपमा काम गर्नमा सफलता पाएको अन्य मुलुकको उदाहरणका आधारमा यसको स्थापना भएको थियो । विश्वव्यापीरूपमा मुलुकका कुटनीतिक मिसनसमेतको सहयोगमा लगानी प्रबर्द्धन गर्नुपर्ने बोर्ड अर्को दिशातर्फ मोडियो । यो हरेक मन्त्रालयको प्रतिद्वन्दीका रूपमा विकास भएको छ ।

बजेटमा (बुँदा नम्बर १८०) पर्यटन प्रवर्धनका लागि सन् २०२३-२०३२ लाई पर्यटन दशकका रुपमा मनाउने घोषणा गरिएको छ । र, सन् २०२३ मा १० लाख पर्यटक भित्रयाउने लक्ष्य लिइएको छ । सन् २०२३ का पाँच महिनामा चार लाख पर्यटक भित्रिएको तथ्य सकारात्मक छ । छिमेकी मुलुक भारत र चिनसँग हाम्रो कुटनीतिलाई प्रभावकारी बनाउने हो भने आगामी ५ बर्षमा नेपालमा ५० लाख पर्यटक भित्रयाउन सकिन्छ भन्ने मेरो मान्यता छ ।

५० लाख पर्यटक नेपाल भित्रिनु भनेको हाम्रो वेरोजगारीको समस्या करिव सतप्रतिशतले समाधान गर्नु मात्र नभई हाल विदेशमा रहेका करिब ५० लाख नेपालीलाई पनि स्वदेश फर्काउन सकिन्छ । काठमाडौं, पोखरा र भैरहवाबाट भारत र चीनका सेकेण्ड टायर सिटिजहरूमा 'सिटी टु सिटी' उडानको व्यवस्था मिलाउनु अत्यन्तै जरुरी छ । भारतका गोरखपुर र दरभंगाका एयरपोर्टहरुमा 'उडान' नामक स्किमले ल्याएको रुपान्तरणकारी परिवर्तन हाम्रो आँखा अगाडि छ ।

गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान हुन सकेको छैन । अर्बौं लगानी गरेर निर्माण गरिएका पूर्वाधारलाई अधिकतम उपयोग गर्ने गरि रणनीति बनाइनुपर्छ ।

अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा हामीले धेरै अनुभव हासिल गर्न बाँकी नै छ । त्यसैले यी दुईवटा विमानस्थललाई व्यवस्थित रुपमा सञ्चालन गर्न अन्तर्राष्ट्रिय एयरलाईन्सहरुको सञ्जालमा राम्रो पकड रहेका विश्वका ठूला विमानस्थल सञ्चालनमा अनुभवी कम्पनीहरूलाई संलग्न गराउनु उचित देखिन्छ ।

कम्तिमा पनि विमानस्थल निर्माण गर्दा लिएको ऋणको साँवाब्याज भुक्तानीका लागि यिनै विमानस्थलबाट आम्दानी गर्न सक्नुपर्छ । अन्यथा त्यसका लागि समेत राजश्वमै भार पर्ने वा फेरी ऋण लिनुपर्ने अवस्था आउनसक्छ भन्ने हामीले गहिरोसँग बुझ्नुपर्छ ।

बजेटले (बुँदा नम्बर ४९४) आगामी आर्थिक बर्षमा ६ प्रतिशतको आर्थिक बृद्धिदर हासिल गर्ने लक्ष्य लिएको छ । चालू आर्थिक बर्षमा २ प्रतिशतको हाराहारीमा मात्रै आर्थिक बृद्धिदर हासिल हुने पृष्ठभुमिमा यो लक्ष्य हासिल गर्न कडा मेहनत गर्नुपर्नेछ । र, यो लक्ष्य हासिल

गर्न कति लगानी आवश्यक छ भन्ने हिसावकितावसहित सरकार एक्सनमा उत्रिन सक्नुपर्छ ।

हाम्रो अर्थतन्त्रमा ६ प्रतिशतको आर्थिक बृद्धिदर हासिल गर्न करिब ३० खर्ब रुपैयाँ लगानी गर्नुपर्छ । चालू बर्षको तुलनामा आगामी बर्षको बजेटको कुल आकार ५ प्रतिशतले न्युन हुँदा विकास बजेट भने १७ प्रतिशतले (रू. ३८० अर्बबाट ३०२ अर्ब) घटेको छ । अर्थात् सरकारले गर्ने लगानीको आकार झनै खुम्चिएको छ ।

त्यसैले ६ प्रतिशतको बृद्धिदरका लागि निजी क्षेत्रको भर पर्नँपर्छ । तर, निजी क्षेत्रलाई हामीले उत्साहित बनाउन सकेका छौं त ? भनेर प्रश्न गरियो भने यहाँ पनि उत्तर सकारात्मक पाउन सक्ने अवस्था छैन । निजी क्षेत्रको लगानी चालू बर्षमा १० खर्ब रुपैयाँ पनि हुने स्थिति देखिँदैन ।

देश आर्थिक मन्दीबाट गुज्रिरहँदा निजी क्षेत्रले ३० देखि ६० प्रतिशत टर्नओभर घटेको तथ्यांक पेश गरिरहेका छन् । मन्दीका कारण बजारमा करिब ४० प्रतिशतसम्म सटरहरूमा ताला लागेको छ । यस्तो अवस्थामा हामीले समग्र निजी क्षेत्रलाई प्रोत्साहित गर्ने गरी उनीहरूलाई पुनः व्यवसायिक गतिविधमा फर्काउने पहल लिनुपर्छ त्यसका वावजुत हामी राजश्व केन्द्रित बजेटको परम्पराबाट बाहिर निस्किन नसक्दा बजार झनै सुस्ताउने अवस्था देखिँदैछ ।

हामीले के भुल्नु हुदैन भने साना तथा मझौला उद्यम हाम्रो अर्थतन्त्रका मेरूदण्ड हुन् । आर्थिक मन्दीको प्रभावबाट यी उद्यमलाई जोगाउने रण्नीति तयार गर्नुपर्छ ।

बजेटले वैदेशिक लगानी आकर्षित गर्न अन्तर्राष्ट्रिय लगानी सम्मेलन गर्ने कार्यक्रम अगाडि सारेको छ (बुँदा नम्बर ७८) । ठिक छ, लगानी सम्मेलन गरौं तर यस्तो सम्मलेन गर्नुअघि सन् २०१९ र सन् २०१७ मा आयोजना गरिएका लगानी सम्मेलनको नतिजा के पायौं भनेर पहिला समिक्षा गरौं ।

लगानीकर्ताका अगाडि जिम्मेवार मन्त्रीहरू साक्षी बसेर गरिएका सम्झौताहरूको अवस्था के छ भनेर पनि हेरौं । मलाई सम्झना छ- सन् २०१९ को लगानी सम्मेलनले निराशाको सन्देश दिने अवस्था आएपछि तत्कालिन सरकारले कसरी देशभित्रका लगानीकर्ताको खोजी गरेर एकछिनका लागि सम्मेलनको औचित्य पुष्टि गर्ने कोशिस गरेको थियो भनेर ।

मलाई के थाहा छ भने सम्मेलन गरेर होइन, हाम्रो सोंचमा परिवर्तन गरेर, हाम्रा नीतिहरुमा परिवर्तन गरेर, हाम्रो 'गोरू पिट्ने हलो अड्काउने' व्यवहारमा परिवर्तन गरेर मात्रै यस्ता सम्मेलन आयोजना गर्नु उचित हुनेछ । हाम्रा सेजहरू किन 'गौचरण' मा परिणत हुदैछन् भन्ने कुराको आत्मबोध नगरि आयोजना हुने लगानी सम्मेलन फेरी पनि दुई दिनको मेला मात्रै सावित हुन सक्नेछ ।

युवालाई स्वरोजगार बनाउने प्रयोजनका लागि स्टार्टअप र उद्यमशीलतालाई प्रवर्धन गर्न

युवाहरूलाई तालीम दिने स्टार्टअप फन्ड (बिऊ पुँजी) मार्फत् वित्तीय स्रोत उपलब्ध गराउने कार्यक्रम विगत डेढ दशकदेखिका बजेटमा परिरहेको छ । तर, प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

युवा तथा खेलकुद मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय, उद्योग मन्त्रालय, योजना आयोगलगायतमा विभिन्न नाममा यस्ता कोषहरू रहेका छन् । तर, कुनै पनि कामयाबी हुन सकेका छैनन् । ती सबै कोषहरूलाई एकत्रित गरी युवाहरूलाई सही तालीम तथा प्रशिक्षण प्रदान गर्ने तथा वित्तीय पहुँचमा जोड्ने काममा लगाउन सकिन्छ ।

यो प्रयोजनका लागि देशभर छरिएर रहेका बैंक तथा वित्तीय संस्थाका ५ हजारभन्दा बढी शाखालाई त्यो प्रशिक्षण तथा बिनाधितो ऋणको समुचित प्रयोग गर्ने एकीकृत थलोका रूपमा विकास गर्नुपर्छ । नेपाल राष्ट्र बैंकले हरेक शाखाबाट १० वटा यस्ता परियोजनाको छनोट र ऋण दिनुपर्ने व्यवस्था गर्नुपर्छ ।

मैले धेरै पटक देशमा शिक्षाको गुणस्तर सुधारका लागि बुढानिलकण्ठ स्कूलको देशैभरी विस्तार हुनुपर्ने कुरामा जोड दिँदै आएको छु । बजेटमा (बुँदा नम्बर २१०) काठमाडौंको बुढानिलकण्ठ स्कूल र पोखराको गण्डकी बोर्डिङ स्कूलको सञ्चालन मोडालिटी अवलम्बन गरि धनकुटा, बर्दिवास, तानसेन, सुर्खेत र डडेल्धुरामा एक एक नमूना आवासीय सामुदायिक स्कूल स्थापनाका लागि सम्भाव्यता अध्ययन र पूर्वतयारीका काम अगाडि बढाइने भनिएको छ जसलाइ म स्वागत गर्दछु । र, आगामी आर्थिक बर्षमा यी स्कूलहरु संचालनमा आउनेछन् भन्ने आशा लिएको छु ।

अन्त्यमा, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) निर्वाचन क्षेत्र नम्बर १ को बर्दघाटमा प्राथमिक ट्रमा केयर सेन्टर (बुँदा नम्बर २४५) र एसएमई भिलेज स्थापनाका लागि बजेटमा प्राथमिकता दिइएकोमा म नवलपरासीका आम नागरिकलाई बधाई एवं सरकारलाई धन्यवाद दिन चाहान्छु ।

अनुसूची ४

नेपाली कांग्रेस केन्द्रीय कार्यसमिति बैठकमा व्यक्त धारणा

श्रद्धेय सभापतिज्यू,
उपसभापतिज्यूहरु,
महामन्त्रीज्यूहरु,
सहमहामन्त्रीज्यूहरु,
केन्द्रीय सदस्यज्यूहरु,

सबैभन्दा पहिला त मैले पहिलोपटक जनताका बीचमा प्रत्यक्ष जाने मौका पाए । पार्टीले मलाई विश्वास गर्‌यो । त्यसका लागि म धन्यवाद भन्न चाहुन्छ । अत्यन्त कठिन परिस्थितिमा पार्टी सभापतिको नेतृत्वमा हामीले चुनाव लड्यौं । मैले आफ्नो चुनावको अनुभव राख्दा, कस्तो स्थितिको सामना गर्नुपरो भने, मैले टिकट पाउने वित्तिकै त्यहाँ एउटा ठूलो तप्का चुनावमा कसरी जिताउनेभन्दा पनि कसरी रोक्ने, छेक्ने, कसरी विरोधको वातावरण बनाउने अनि कसरी अफ्ठ्यारो पार्ने खालका गतिविधि भए । मेरो निर्वाचन क्षेत्रमा त कसरी अर्को विरोधी उम्मेदवारलाई विजयी गराउने भन्ने क्रियाकलापमा हाम्रै पार्टीका केहि व्यक्तिहरु प्रत्यक्ष संलग्न भए । यसका प्रमाणहरु निर्वाचनकै बेला छरपष्ट भइसकेका छन् ।

मैले निर्वाचनका बेला अत्यन्तै दुर्भाग्यपूर्ण स्थितिको अनुभव गरे । म जस्तै धेरैले यस्तो अनुभव गरेको मैले पाएको छु । पार्टी संगठन, भ्रातृसंगठन, शुभेच्छुक संगठन र पार्टी सदस्यलाई अनुशासनमा राख्न नसक्ने हो र उनीहरुलाई पार्टीको उद्धेश्यप्रति जिम्मेवार बनाउन नसक्ने हो भने पार्टी पार्टीका रुपमा रहन सक्दैन ।

अहिले नयाँ नयाँ पार्टीहरु जुन रुपमा सलबलाइरहेका छन्, जुन रुपमा स्थानीय तहमा गतिविधि गरिरहेका छन् । नाम नै नसुनेका उम्मेदवार उठ्दा पनि हजारौं भोट पाउँछन् । खासगरी युवा पक्तिहरु, नयाँ पढेलेखेका, देशबाहिर रहेका युवाहरुले आफ्नो परिवार, पार्टीकै परिवारका सदस्यले पनि घरमा फोन गरेर अब नयाँ पार्टीलाई भोट हाल्नुस् । पुराना पार्टीका कारण हामी विदेशिएका हौं भनेर नयाँलाई मतदान गर्न भनेर परिवारका सदस्यमा दवाव दिइरहेको अवस्थामा हामीहरु एकढिक्का हुनुको साँटो आफ्नै पार्टीका कतिपय नेताहरुबाट असहयोग हुनुले स्थिति झनै गम्भीर रहेको म यहाँहरुलाई जानकारी गराउँछु । यसका बारेमा पार्टीले अत्यन्तै गम्भीरताका साथ त्यस्ता मानसिकता भएका तथाकथित व्यक्ति जो आफू बाहेक अरु हुनुहुँदैन भन्छन् । त्यस्ता व्यक्तिलाई समयमै पन्छाउन सकेनौं भने त्यसले झन् आगामी दिन कठिन हुने कुरा निश्चित छ ।

नयाँ पार्टीहरुले ठूलो संख्यामा मेम्बरसीप बितरण गरिरहेका छन् । उनीहरुले मान्छे मात्र परिचालन गरेका छैनन्, आर्थिक स्रोत पनि परिचालन गरिरहेका छन् । अनलाइन र टेक्नोलोजीको माध्यमबाट उनीहरु संगठन विस्तारमा छन् । यो कुरा दिनहुँ जानकारीमा आइरहेका छन् । मैले यो विषय यहाँ राख्नैपर्छ । अर्कोतर्फ, विभिन्न विकास निर्माणका मुद्धा, आर्थिक विकास मुद्धामा, निजी क्षेत्रसँग सम्बन्धित मुद्धामा, लगानीको मुद्धामा, अर्थतन्त्र संकुचित भएको स्थिति, बैंकमा भएको तरलता लगानी गर्न नसकेको अवस्था, चलिरहेका उद्योग बन्द गर्नुपर्ने परिस्थिति, यस्तो अवस्थामा हामीले तत्काल अर्को वातावरण बनाउन सकेनौं भने अहिले देखिएको चुनौतिलाई झन् गम्भीर बनाउने कुरा पनि निश्चित छ ।

अहिले पनि राजश्व उठ्ने क्रम र साधारण खर्च र विकासखर्चको आपसी तालमेलमा ल्याउनुपर्ने सकारात्मक परिवर्तनसँग जोडिएका चुनोति आफ्नै ठाउमा छन् । हुन त, मौद्रिक नीति आउन बाँकी छ । मौद्रिक नीतिमार्फत् धेरै विषयको सम्बोधन हुने कुरा अर्थमन्त्रीज्यूले बताउनुभएको छ । म आशावादी छु । अर्कोकुरा, अत्यन्तै गम्भीर चुनौतिको विषय रोजगारी सिर्जना नहुनु हो । अहिले पनि दैनिक दुई हजार भन्दा बढि मानिस रोजगारीका लागि विदेशिनु चुनौतिको विषय हो । मानिसमा आशा र आत्मविश्वासको सञ्चार गर्न नसक्नु अर्को गम्भीर चुनौति हो । जसले नेपालको राजनीति र स्थापित पार्टीप्रतिको दृष्टिकोणमा बदलाव ल्याउन पनि भूमिका खेल्ने गरेको छ । यसतर्फ हामी सचेत हुनुपर्छ ।

तेस्रोकुरा, समाजमा असल छवि भएका, राम्रो अनुभव भएका र राम्रो पृष्ठभूमि बोकेका व्यक्तिलाई अगाडि सार्न सकेनौं, पार्टीका प्रतिनिधि पात्रका रुपमा, पार्टीका सकारात्मक पात्रका रुपमा र पार्टीका प्रचारकका रुपमा हामीले उभ्याउन सकेनौं भने अहिले जे जस्ता नयाँ राजनीतिक परिदृष्यहरु देखिएका छन्, आगामी दिनमा त्यसलाई चिर्न सजिलो हुनेछैन ।

